बकुलहर रत्ननगर अस्पतालको मिति २०७६०९।२९, च. नं. २८२ को पत्रानुसार रत्ननगर नगर कार्यपालिकाको कार्यालयबाट नियुक्ती लिई उक्त अस्पतालमा कार्यरत स्टाफ नर्स ४ जनाको सम्झौता २०७६ पौष मसान्तमा समाप्त हुने साथै अस्पतालमा कर्मचारी आवश्यक पर्नुका साथै निजहरुको कार्य सन्तोषजनक नै रहेकोले २०७७ असार मसान्तसम्म छ महिनाका लागि म्याद थपका लागि सिफारिस भई आएकोले यस रत्ननगर नगरपालिकासंग सेवा करार सम्झौता भएका मेडिकल अधिकृत २ जना र स्टाफ नर्स ४ जनाको सम्झौता अवधि बकुलहर रत्ननगर अस्पतालबाट नै थप गर्न अख्तियारी तथा निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३:

रत्ननगर नगरपालिकाको आ. व. को २०७५।०७६ को वडास्तरिय कार्यक्रम अन्तर्गत वेल्सी-हाजिपुर (पुरानो राजमार्ग) सडक कालोपत्रे मर्मत योजनाको लागि वडा बजेटबाट रु. १०,५०,०००।- र उपभोक्ताबाट ३,००,०००।- सहभागितामा कार्यान्वयन भई योजना सम्पन्न र भुक्तानी समेत भईसकेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७६।०४।१७ को पत्रानुसार उक्त योजनाको ल्याब परीक्षणका लागि स्थलगत छानविन/अध्ययन भएको र उक्त योजनामा विटुमिनस एस्फाल्टको मोटाई परीक्षण गर्दा २५ मि.मि. हुनु पर्नेमा २२ मि.मि. मात्र रहेको भनी मौखिकरुपमा जानकारी समेत प्राप्त भएको हुँदा उक्त योजना लगायतका सन्दर्भमा तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल:

१. उक्त योजनामा कम कार्य भएको देखिएको रु. १,४०,७७२।६५ (अक्षेरुपी-एक लाख चालिस हजार सात सय वहत्तर रुपैया पैसट्ठी पैसा मात्र) उपभोक्ता समितिलाई नगरपालिकाको आम्दानी खातामा जम्मा गर्न लगाउने,
२. कार्यालयबाट स्वीकृत योजनाको लागत अनुमान बाहेकको कार्यलाई मुल्याङ्कनमा समावेस नगरी उपभोक्ता समितिलाई नै व्यहोर्ने लगाउने,
३. उपभोक्ता समितिलाई ल.ई./Drawing/Design बाहेक स्थानीय उपभोक्ताहरुको अनुरोधमा Quality लाई ध्यान नदिई Quantity मा मात्र ध्यान दिने गरेको पाईएकोले यस्तो हुन नदिई गुणस्तरीय सार्वजनिक निर्माण कार्य गर्न गराउन वडा कार्यालय उपभोक्ता समिति र अनुगमन समितिलाई निर्देशन दिने ।

निर्णय नं. ४:

यस नगरपालिका अन्तर्गत न्यायिक समितिका पदाधिकारीहरु र नगरस्तरिय/वडास्तरिय मेलमिलाप कर्ताहरुको लागि आ.व. २०७६।०७७ को शुरुवातदेखि नै लागु हुने गरी तपसिल बमोजिमको सुविधा दिने निर्णय गरियो ।

तपसिल:

१. न्यायिक समितिको फिल्ड अनुगमनमा गए वापत प्रति दिन यातायात खर्च (प्रति व्यक्ति) वापत रु. ५००।- (पाँच सय)
२. न्यायिक समितिको बैठक खाजा प्रति व्यक्ति रु. १००।(एक सय)
३. ईजलास भत्ता प्रदेश कानून अनुसार
४. नगर मेलमिलाप केन्द्रको संयोजकलाई संचार खर्च वापत रु. १०००।- (एक हजार प्रति महिना)
५. नगर मेलमिलाप केन्द्रको सदस्यहरुलाई प्रति सदस्य बैठक खाजा वापत रु १००।- (एक सय)
६. नगर मेलमिलाप केन्द्रको स्थलगत छलफल/फिल्ड अनुगमन/मेलमिलाप गराउँदा ईन्धन खर्च वापत रु. ५००।- (पाँच सय वढीमा ३ जनालाई)
७. नगर मेलमिलाप केन्द्र र वडा मेलमिलाप केन्द्रवाट विवाद मिलाए वापत प्रति व्यक्ति/प्रति विवाद पारिश्रमिक वापत रु. ६००।- (छ सय वढीमा ३ जनालाई)
८. वडा मेलमिलाप केन्द्रको सदस्यहरुलाई प्रति सदस्य बैठक खाजा वापत रु ७५।- (पचहत्तर)
९. वडा मेलमिलाप केन्द्रको संयोजकलाई संचार खर्च वापत रु. ५००।- (पाँच सय प्रति महिना)
१०. चौमासिक प्रतिवेदन तयारी गरी पेश गरे वापत वडा/नगर ३००।- (तीन सय)

निर्णय नं. ५:

यस नगरपालिकामा सञ्चालित योजनाहरुको गुणस्तर परिक्षण गर्न ल्याव सामाग्री र ल्याव कोठा निर्माणका लागि रु. १५ लाख विनियोजन हुनुपर्नेमा हालसम्म सामाग्री खरिदका लागि रु. ५ लाख र कोठा निर्माणका लागि रु. ५ लाख मात्र विनियोजन भइ कार्य सम्पन्न भएकोले थप रु. ५,००,०००।०० (अक्षरुपी : पाँच लाख मात्र) ल्याव सामाग्री खरिदका लागि विविध पूर्वाधार निर्माण शीर्षकबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

नेपाल तमाङ्ग घेदुङ्ग नगर कार्य समिति, रत्ननगर, चितवनको मिति २०७६।१०।१९ को पत्रानुसार तमाङ्ग समुदायको लामा गुरुहरु र किरिया पुत्री वस्ने सत्तल निर्माणको क्रममा केही अराजक समुहबाट तोडफोड भएको हुँदा सो कार्यमा भएको क्षति उपलव्ध गराउन भनी सिफारिस भई आएको र कार्यालयको मिति २०७६।११।०४ को स्वीकृत क्षति मुल्यांकन अनुसार रु. ४६,४७६।३८ को क्षति भएको देखिएको हुँदा उक्त क्षति वापतको रकम रु. ४६,४७६।३८ (छयालिस हजार चार सय छैहत्तर रुपैया पैसा अठ्तिस मात्र) धार्मिक तथा सांस्कृतिक संस्था/व्यक्ति सहायता शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७६ साल चैत्र ७ गते विहान ८:०० बजे यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

क.सं.	पद	नामथर	दस्तखत
१	नगर प्रमुख	श्री नारायण वन	
२	नगर उप प्रमुख	श्री बिमला देवी दुवाडी	
३	वडा अध्यक्ष वडा नं. १	श्री शंकर सिं तमाङ्ग	
४	वडा अध्यक्ष वडा नं. २	श्री तिलक राज पौडेल	
५	वडा अध्यक्ष वडा नं. ३	श्री गुप्तनाथ भट्टराई	
६	वडा अध्यक्ष वडा नं. ४	श्री रविन्द्र चौधरी	
७	वडा अध्यक्ष वडा नं. ५	श्री कृष्ण महतो	
८	वडा अध्यक्ष वडा नं. ६	श्री बलराम दाहाल	
९	वडा अध्यक्ष वडा नं. ७	श्री लाल बहादुर भट्ट	
१०	वडा अध्यक्ष वडा नं. ८	श्री बिनोद बस्नेत	
११	वडा अध्यक्ष वडा नं. ९	श्री रोशन आचार्य	
१२	वडा अध्यक्ष वडा नं. १०	श्री केशब आचार्य	
१३	का.वा. वडा अध्यक्ष वडा नं. ११	श्री विष्णु प्रसाद ओझा	
१४	वडा अध्यक्ष वडा नं. १२	श्री बीर बहादुर पाखिन	
१५	वडा अध्यक्ष वडा नं. १३	श्री चित्र बहादुर भण्डारी	
१६	वडा अध्यक्ष वडा नं. १४	श्री हरी कुमार श्रेष्ठ	
१७	वडा अध्यक्ष वडा नं. १५	श्री हुमनाथ लामिछाने	
१८	वडा अध्यक्ष वडा नं. १६	श्री हेमराज थापा	
१९	कार्यपालिका सदस्य	श्री राजेन्द्र परियार हमाल	
२०	कार्यपालिका सदस्य	श्री मिना गिरी	
२१	कार्यपालिका सदस्य	श्री भोला देवी गौडेल	
२२	कार्यपालिका सदस्य	श्री सरस्वति लामा	
२३	कार्यपालिका सदस्य	श्री निर्मला कुमारी खड्का	
२४	कार्यपालिका सदस्य	श्री रिता बि.क.	
२५	कार्यपालिका सदस्य	श्री कृष्ण हरी परीयार	
२६	कार्यपालिका सदस्य	श्री मन कुमारी बि.क.	
२७	सचिव (प्र.प्र.अ.)	श्री टुवराज पोखेल	

अन्य उपस्थिती :

अधिकृत दशौ श्री बद्री नारायण शर्मा

प्रशासकीय अधिकृत श्री संगम सापकोटा

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौ श्री अर्जुन पगेती

सहायक पाचौं श्री उर्मिला तमाङ (दाहाल)

कार्यालय अधिकृत श्री विश्वास श्रेष्ठ

प. बि. अ. श्री दामोदर राज पौडेल

Scanned with CamScanner

निर्णय नं. १:
यस नगरपालिकाबाट संचालित निम्न योजनाहरु सम्पन्न हुन बाँकी भएकोले उक्त योजनाहरुको म्याद तपसिल बमोजिम हुने गरी थप गर्ने निर्णय गरियो ।

तपसिल:
क. वडा नं. २ को वडा कार्यालय भवन निर्माण योजनाको मिति २०७६ चैत्र मसान्तसम्म ।
ख. वडा नं. १० को कल्याणटोल दाउन्नेचोकदेखि क्रिष्टल कलेज सडक कालोपत्र योजनाको २०७६ चैत्र २५ गतेसम्म ।

निर्णय नं. २:
साविक स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार यस कार्यालयमा स्थायी नियुक्ती पाई हाल अवकास भएका कर्मचारीहरुलाई सोही ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार सुविधा दिने निर्णय गरियो ।

निर्णय नं. ३:
रत्ननगर नगरपालिका वडा नं. ११ स्थित ल्याण्डफिल साईट निर्माण तथा मर्मतको लागि विविध पूर्वाधार शिर्षकबाट रु. १५,००,०००।- (पन्ध्र लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:
रत्ननगर नगरपालिका वडा नं. १०, जागृति टोलमा खोपकेन्द्र स्थापना गर्न ल.ई. बमोजिम तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल:
१. भवन निर्माणको लागि रु. ४,२५,०००।- (चार लाख पच्चीस हजार)
२. फर्निचर खरिदको लागि रु. ३०,०००।- (तीस हजार)

निर्णय नं. ५:
ठेक्का प्रकृयाबाट बचत हुन आएको रकमबाट योजना संचालनका लागि उपभोक्ता समिति गठन गरी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:
सौर्य उर्जा कार्यक्रममा विनियोजित रकम १२ लाखबाट राजमार्गमा सोलार वत्ति जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:
जिल्ला समन्वय समितिको मौज्दात कोषबाट सञ्चालन हुने समपुरक कोषमा रकम पर्याप्त नभएकोले सम्बन्धित संस्थाहरुले नै नियमानुसार सहभागिता जनाउने गरी सम्झौता गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ८:
सामुदायिक वनहरुबाट नर्सरी स्थापनाका लागि बजेट माग भएकोले ल.ई. बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:
नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न इच्छुक सार्वजनिक विद्यालयहरुलाई परियोजना प्रस्ताव पेश गर्ने सूचना प्रकाशित भए बमोजिम तपसिलका विद्यालयहरुले कार्यक्रमका लागि प्रस्ताव गरी पेश गरेकोमा निम्न अनुसारका कार्यक्रमहरुको क्षेत्रहरुलाई प्राथमिकताक्रम रहने गरी तपसिल बमोजिमका विद्यालयहरुलाई प्राथमिकताक्रम कायम रहने गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

क्र.स.	कार्यक्रमको क्षेत्र प्राथमिकता क्रममा	विद्यालयको प्राथमिकताक्रम	कैफियत
१.	हरित विद्यालय वातावरणीय सुधार एवम् विद्यालय रङ्गरोगन कार्य	(१) मा.वि. चित्रसारी (२) भद्रकाली मा.वि. (३) द्वारिकादास मा.वि. (४) मोहना मा.वि. (५) जनजागृति मा.वि. (६) नेपाल मा.वि. (७) पञ्चकन्या मा.वि. जयमंगला (८) जनदया मा.वि. (९) वागदेवी आ.वि.	
२.	विगत लामो समयदेखि अधुरा रहेका विद्यालय भवन, कक्षा कोठाको निर्माण सम्पन्न गर्ने कार्य	(१) बकुलहर मा.वि. (२) श्रीराम वेदिक संस्कृत गुरुकुलम (३) मालपुर मा.वि	
३.	खेल मैदान नभएका विद्यालयहरुमा खेलमैदान निर्माण	(१) द्वारिकादास मा.वि. (२) आ.वि. नमूनाटोल (३) मालपुर मा.वि. (४) मोहना मा.वि.	
४.	प्राविधिक शिक्षा सञ्चालन भएका	(१) वछौली मा.वि.	

Scanned with CamScanner

	विद्यालयमा प्राविधिक प्रयोगशाला संस्थापना र संचालन	(२) पञ्चकन्या मा.वि. जयमंगला	
५	सार्वजनिक माध्यमिक विद्यालय कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला	(१) नेपाल मा.वि. (२) मा.वि. चित्रसारी (३) भुवानी मा.वि. (४) जनदया मा.वि. (५) मोहना मा.वि.,	
६.	विद्यालयमा इन्टरनेट सुविधाको विस्तार स्मार्ट वोर्ड सुविधाको व्यवस्थापन	(१) जनजागृति मा.वि. (२) पञ्चकन्या मा.वि. जयमंगला (३) भुवानी मा.वि. (४) नेपाल मा.वि. (५) भद्रकाली मा.वि. (६) मा.वि. चित्रसारी	
७.	विद्यालय पुस्तकालय स्थापना र सञ्चालन	(१) माधपुर मा.वि. (२) कपरफोरी मा.वि.	
८.	सार्वजनिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन	(१) द्वारिकादास मा.वि. (२) भद्रकाली मा.वि. (३) वकुलहर मा.वि.	
९.	विद्यालयमा प्रर्याप्त पानीको सुविधा सहितको शौचालय र छात्राको लागि चेन्जिङ्ग रुम सहितको छुट्टै शौचालय	(१) वागदेवी आ.वि. (२) द्वारिकादास मा.वि.	

निर्णय नं. १०:

नगर शिक्षा समितिवाट सिफारिस भैआएवमोजिम तपसिल वमोजिम विद्यालयहरुमा वजेट बाँफाँड गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल:

कार्यक्रम शिर्षक	विद्यालयको नाम, ठेगाना	विनियोजित रकम	कैफियत
नया कक्षा कोठा	क. पंचकन्या मा. वि., र.न.पा. १३	८,००,०००।- (प्रति कोठा)	४ कोठा
	ख. भद्रकाली मा. वि., र.न.पा. १६		२ कोठा
	ग. वैरिया मा. वि., र.न.पा. १०		२ कोठा
शिक्षण सिकाईमा ICT	क. वछौली मा. वि., र.न.पा. ६	६,५०,०००।- (प्रति विद्यालय)	
	ख. द्वारिकादास मा. वि., र.न.पा. १४		
पुस्तकालय	क. माध्यामिक विद्यालय चित्रसारी, र.न.पा. ८	६,५०,०००।- (प्रति विद्यालय)	
	ख. वैरिया मा. वि., र.न.पा. १०		
विज्ञान प्रयोगशाला	क. भुवानी मा. वि., र.न.पा. ५	६,५०,०००।- (प्रति विद्यालय)	
	ख. मालपुर मा. वि., र.न.पा. ७		
	ग. पंचकन्या मा. वि. जिरौना, र.न.पा. ११		
	घ. जनदया मा. वि., र.न.पा. १४		
वास सहितको शौचालय	क. मोहना मा. वि., र.न.पा. ९	७,००,०००।- (प्रति विद्यालय)	
	ख. कपरफोरी मा. वि., र.न.पा. ९		

निर्णय नं. ११:

यस नगरपालिकाले फोहर व्यवस्थापन गर्दै आएको र.न.पा. ११ स्थित डम्पिङ्ग साईटमा प्रयोग हुने विषादीहरुको खर्च रकम नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. १२:

न्यूज २४ टेलिभिजनलाई कोरोना भ्रम र यथार्थ विषयमा खुल्ला वहस कार्यक्रम (लाईभ) आयोजना गर्न रु. २५,०००।- (पच्चीस हजार) मात्र विविध आर्थिक सहायता शिर्षकबाट सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३:

नगर दररेटमा समावेस नभएका तपसिल वमोजिमका सामाग्रीहरुको दररेट निम्न अनुसार निर्धारण गर्ने निर्णय गरियो ।

१. फाईवरको पूर्णकदको मानव मूर्ति — प्रतिगोटा रु. १,५०,०००।-
२. फोकस लाईट (७ वाट) — प्रतिगोटा रु. ११००।- (भ्याट सहित)
३. फ्रेम सहितको ऐतिहासिक फोटो (१२" १८") — प्रतिगोटा रु. २,३००।- (भ्याट सहित)

Scanned with CamScanner

आज मिति २०७६ साल चैत्र २१ गते शुक्रवारका दिन यस रत्ननगर नगर कार्यपालिकाका बैठक नगर प्रमुख श्री नारायण वनज्यूका अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

क.सं	पद	नामथर	दस्तखत
१	नगर प्रमुख	श्री नारायण वन	
२	नगर उपप्रमुख	श्री विमला देवी दुवाडी	
३	वडा अध्यक्ष वडा नं. १	श्री शंकर सिं तमाङ्ग	
४	वडा अध्यक्ष वडा नं. २	श्री तिलक राज पौडेल	
५	वडा अध्यक्ष वडा नं. ३	श्री गुप्तनाथ भट्टराई	
६	वडा अध्यक्ष वडा नं. ४	श्री रविन्द्र चौधरी	
७	वडा अध्यक्ष वडा नं. ५	श्री कृष्ण महतो	
८	वडा अध्यक्ष वडा नं. ६	श्री बलराम दाहाल	
९	वडा अध्यक्ष वडा नं. ७	श्री लाल बहादुर भट्ट	
१०	वडा अध्यक्ष वडा नं. ८	श्री बिनोद बस्नेत	
११	वडा अध्यक्ष वडा नं. ९	श्री रोशन आचार्य	
१२	वडा अध्यक्ष वडा नं. १०	श्री केशब आचार्य	
१३	वडा अध्यक्ष वडा नं. ११	श्री शशी भक्त न्यौपाने	
१४	वडा अध्यक्ष वडा नं. १२	श्री वीर बहादुर पाखिन	
१५	वडा अध्यक्ष वडा नं. १३	श्री चित्र बहादुर भण्डारी	
१६	वडा अध्यक्ष वडा नं. १४	श्री हरी कुमार श्रेष्ठ	
१७	वडा अध्यक्ष वडा नं. १५	श्री हुमनाथ लामिछाने	
१८	वडा अध्यक्ष वडा नं. १६	श्री हेमराज थापा	
१९	कार्यपालिका सदस्य	श्री राजेन्द्र परीयार हमाल	
२०	कार्यपालिका सदस्य	श्री मिना गिरी	
२१	कार्यपालिका सदस्य	श्री भोला देवी गौडेल	
२२	कार्यपालिका सदस्य	श्री सरस्वति लामा	
२३	कार्यपालिका सदस्य	श्री निर्मला कुमारी खड्का	
२४	कार्यपालिका सदस्य	श्री रिता वि.क.	
२५	कार्यपालिका सदस्य	श्री कृष्ण हरी परीयार	
२६	कार्यपालिका सदस्य	श्री मन कुमारी वि.क.	
२७	सचिव (प्र.प्र.अ.)	श्री ~~कर्ण नारायण शर्मा~~ हुमराज पोखेल	

अन्य उपस्थिती :

प्र.ज. सहायक लापकेटा
ले.अ. मुनाल ऽ. ऽ
आन्तरिक अडिट पोखरेल
कार्यालय सहायक विश्वास डेरु
सहायक पर्सो अर्जिला तमाङ, दाहाल
प. वि. अ. शालिक राम ~~पराजुली~~ पौडेल

निर्णय नं. १ :

नेपाल सरकार, अर्थ मन्त्रालयबाट तयार भएको असंगठीत क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई राहत सम्बन्धी मापदण्ड, २०७६ मा तपसिलबमोजिम संशोधन गरी स्वीकृत गर्ने र सोही अनुसार राहत वितरणका लागि तथ्याङ्क संकलन गर्ने निर्णय गरियो। साथै, नेपाल सरकार (मन्त्रीपरिषद) को मति २०७६।१२।१६ को स्वीकृत कार्ययोजना अनुसार स्थानीय स्तरमा राहत वितरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल :

राहत वितरणका लागि खाद्यान्न सामाग्रीको परिमाण सम्बन्धमा रत्ननगर नगरपालिकाको मिति २०७६।१२।१७ को निर्णयलाई निरन्तरता दिने।

निर्णय नं. २ :

रत्ननगर नगरपालिकामा बसोबास गरी दैनिक गुजारा गर्न समस्या भएका विपन्न तथा असहाय घरपरिवारहरुलाई राहत सामाग्री वितरण गर्नका लागि खाद्यान्न सामाग्री तथा आर्थिक सहयोग गर्ने सहयोगी संघसंस्था तथा महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो। साथै, नेपाल सरकारको राहत सामाग्री वितरणका लागि एकद्वार प्रणाली अपनाउने नीति तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।१२।२१ को निर्देशनअनुसार राहत सामाग्री वितरण गर्न इच्छुक संघसंस्था तथा महानुभावहरुलाई रत्ननगर नगरपालिकामार्फत वितरण गर्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ३ :

रत्ननगर नगरपालिकाको विपद व्यवस्थापन समितिको मिति २०७६।१२।१७ को बैठकबाट भएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ :

नोवेल कारोना भाइरस (COVID-19) नियन्त्रण तथा राहत वितरणका लागि यस नगरपालिकाबाट विनियोजन भएको/हुने रकम साथै सहयोगी संघसंस्था तथा महानुभावहरुबाट प्राप्त हुने आर्थिक सहयोग रकम संकलन गर्ने प्रयोजनार्थ राष्ट्रिय वाणिज्य बैङ्क, रत्ननगर शाखामा "रत्ननगर नगरपालिका कारोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" नामको खाता खोल्ने निर्णय गरियो।

निर्णय नं. ५ :

रत्ननगर नगरपालिकामा सञ्चालनमा रहेका उद्योग व्यवसायमा कार्यरत श्रमिकहरुलाई रोजगारदातामार्फत नै राहत सामाग्री उपलब्ध गराउन रत्ननगर उद्योग वाणिज्य संघ, चितवन उद्योग संघ, रत्ननगर इकाई, निर्माण व्यवसायी संघ, रत्ननगर मार्फत सबै उद्योग व्यवसायीहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ६ :

नेपाल सरकारद्वारा घोषित लकडाउनको समयमा घरैमा बसी दैनिक गुजारा गर्न समस्या भएका रत्ननगर नगरपालिकामा वसोवास गर्ने विपन्न तथा असहाय घरपरिवारहरुलाई राहत सामाग्री वितरण गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालयको मिति २०७६।१२।२० को पत्रमा बजेट रोक्का गर्ने भनिएका प्रकृतिका योजनाहरु र आवश्यक भएमा अन्य वडास्तरीय योजनाहरुबाट कट्टा हुनेगरी हाललाई प्रत्येक वडाबाट रु. ३ लाख छुट्याउने निर्णय गरियो। तत् प्रयोजनका लागि कार्यान्वयन नगरिने वडा स्तरीय योजनाहरुको विवरण वडा समितिबाट निर्णय गरी रत्ननगर नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ७ :

कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ बमोजिम नगरपालिका प्रमुखको संयोजकत्वमा गठन हुने अनुगमन तथा सुपरिवेक्षण समितिमा निम्न सदस्य समेत थप गर्ने र यसै समितिलाई राहत वितरण लगायत कोरोना भाइरस रोकथाम एवं नियन्त्रण सम्बन्धी कार्यको समेत अनुगमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निम्न :

- श्री विमलादेवी दुवाडी, नगर उप-प्रमुख, रत्ननगर नगरपालिका - सदस्य
- श्री कुल प्रसाद लामिछाने, नगर अध्यक्ष, नेकपा - सदस्य
- श्री रुपनराज घिमिरे, नगर सभापति, नेपाली काङ्ग्रेस - सदस्य
- अध्यक्ष, रत्ननगर उद्योग वाणिज्य संघ - सदस्य
- अध्यक्ष, चितवन उद्योग संघ, रत्ननगर इकाई - सदस्य

निर्णय नं. ८ :

कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण कार्यमा संलग्न कर्मचारी, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, सुरक्षाकर्मीको मनोवल बढाउन प्रोत्साहन भत्तास्वरुप दैनिक रु. ५००।- प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०६६/०९/०२ का दिन यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको बैठक नगरप्रमुख श्री नारायण वन्जूको अध्यक्षता यस देहाय बमोजिमका पदाधिकारी/सदस्यको बैठक बसी तपसील अनुसार निर्णय गरियो ।

उपस्थिति :

१)	नगरप्रमुख	श्री नारायण वन	
२)	नगर उपप्रमुख	श्री विमलादेवी पुकाडे	
३)	वडा अध्यक्ष	श्री शंकर सिंह तमाङ	
४)	" "	श्री तिलक प्रसाद शर्मा पौडेल	
५)	"	श्री गुप्तनाथ मधुराई	
६)	"	श्री लाल बहादुर भट्ट	
७)	"	श्री रविन्द्र चौधरी	
८)	"	श्री कृष्ण चौधरी	
९)	"	श्री बलराम दाहाल	
१०)	"	श्री विनोद बस्नेत	
११)	"	श्री रोशन आचार्य	
१२)	"	श्री केशव आचार्य	
१३)	"	श्री शशीभक्त न्यौपाने	
१४)	"	श्री वीर बहादुर चरिवन	
१५)	"	श्री चित्ते बहादुर भण्डारी	
१६)	"	श्री हरी कुमार श्रेष्ठ	
१७)	"	श्री हुम नाथ लोमिछाने	
१८)	"	श्री हेमराज शाहा	
१९)	कार्यपालिका सदस्य	श्री राजेन्द्र परियार हमाल	
२०)	" "	श्री मिना गिरी	
२१)	" "	श्री भोलादेवी गौडेला	
२२)	" "	श्री सरस्वती लामा	
२३)	" "	श्री निर्मला के. खड्का	
२४)	" "	श्री रिता वि.के.	
२५)	" "	श्री कृष्णहरी पोखरेल	
२६)	" "	श्री मनकुमारी वि.के.	
२७)	सचिव (प्रशासन)	श्री दुरराज पौडेल	

अन्य उपस्थिति :

प्र.अ. सुजन खापकोटा

लेखा अधिकृत श्री कृष्ण प्रसाद उपेती

" श्री सूर्जन पौडेल

कार्यपालक अधिकृत विश्वास ढकाल

सहायक पार्वती उर्मिला लामा दाहाल

निर्णय नं १.

यस रत्ननगर नगरकार्यपालिकाको मिति २०७६/१२/२१ को निर्णयबाट प्रत्येक वडामा राहत वितरणका लागी खर्च हुन बाँकी वडास्तरिय बजेटबाट अधिकतम रु ३००००।- (अक्षरुपी तीन लाख रुपैया मात्र) रकमान्तर गरी खर्च गर्ने निर्णय भएकोमा बडा बाट लागत संकलन गरी राहत विवरण गर्दा उक्त रकम नपुग भई देहाय बमोजिम हुने गरि माग भएको हुँदा वडाको बजेट बाट नै कट्टा हुने गरी माग बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

क्र.सं.	वडा नं	राहत वितरण गरिएको घरधुरी संख्या	खर्च रकम (रकमान्तर गर्नुपर्ने) सेनेटरी सामाग्री सहित
१.	वडा नं १	३३५	४,५०,०००।-
२.	वडा नं २	२६५	३,६६,३७९।-
३.	वडा नं ३	२६०	४,२२,०००।-
४.	वडा नं ४	३०४	३,८९,०००।-
५.	वडा नं ५	३१३	२,१५,२८३।-
६.	वडा नं ६	२४३	३,६४,९८७।-
७.	वडा नं ७	३४६	४,६२,६१३।-
८.	वडा नं ८	३३६	४,६३,१४०।-
९.	वडा नं ९	४८९	५,९९,८८०।-
१०.	वडा नं १०	३२८	३,४४,३८२।-
११.	वडा नं ११	४३१	५,८५,६८२।-
१२.	वडा नं १२	६०९	७,६९,७००।-
१३.	वडा नं १३	६३८	८,७८,१३६।-
१४.	वडा नं १४	३९६	४,८७,०००।-
१५.	वडा नं १५	२४३	३,९१,८२५।-
१६.	वडा नं १६	२१०	३,१५,३३०।-
१७.	नगर मेडिकल सामान (स्वास्थ्य शाखा)		७,५०,०००।-
जम्मा रकम			८२,५५,३३७।-

निर्णय नं २

यस रत्ननगर नगरपालिकाद्वारा आईसोलेशन अस्पतालको रुपमा संचालन गर्दै आईरकेको गुञ्जमान सिं अस्पताल कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका अनुसूची-१ क्लिनिक संचालन गर्ने अस्पतालहरुमा समावेश हुन छुट भएको हुँदा उक्त अस्पताललाई अनुसूचि-१ बमोजिम समावेश गरिदिन जनस्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, सामाजिक विकास मन्त्रालय, प्रदेश सरकार र जिल्ला जनस्वास्थ्य कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ३

संघिय अर्थ मन्त्रालयको २०७६/१२/२१ को निर्णय तथा महालेखा नियन्त्रणको कार्यालयको २०७६/१२/२१ को परिपत्र अनुसार रत्ननगर नगरपालिकाको आन्तरिक श्रोत तर्फको देहाय बमोजिमको शिर्षकमा विनियोजित भएको रकमलाई कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोष खातामा रकमान्तर गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

क. फनिर्चर तथा फिक्चर्स् : रु ३०००००।-
ख. सवारी साधन खरिद : रु १०००००।-
ग. मेसिनरी औजार : रु २०००००।-

निर्णय नं ४

यस रत्ननगर नगरपालिका कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोष खातामा देहाय बमोजिमको सहयोगी दातहरुबाट नगद तथा जिन्सी सामाग्री प्रदान गर्नुहुने दाताहरुलाई स-धन्यवाद दिने निर्णय गरियो ।

नगद सहयोग गर्ने संघ संस्थाहरु :

क. रत्ननगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था : रु १११११११।-
ख. श्री कृष्ण प्रणामी सेवा समिति, जिरौना : रु ५१०००।-
ग. श्री कृष्ण प्रणामी सेवा समिति, कृष्ण मन्दिर : रु ५१०००।-
घ. श्री हरिशरण पाठक, मेनुका ईन्जिनियरिङ : रु ५००००।-
ङ. श्री लुमन्ती आवासको लागि सहयोग समूह : रु १००००००।-
च. श्री कामना वचत तथा ऋण सहकारी संस्था लि. : रु ५००००।-

जिन्सी सहयोग गर्ने संघ संस्थाहरु :

क. नवदुर्गा आमा समूह : चामल : ३० बोरा(३० केजी), दाल : ३ बोरा(३० केजी), तेल : ३ कार्टुन, नुन : ५० केजी, साबुन : १५० पिस
ख. रत्ननगर उद्योग वाणिज्य संघ : चामल : १०० बोरा(२० केजी), दाल : ७ बोरा(३०केजी), तेल : ५० लिटर, नुन : १०० केजी, अण्डा : २१० क्रेट
ग. चितवन उद्योग संघ : चामल : १५० बोरा(१५ केजी), अण्डा : १४० क्रेट, सेनिटाईजर : २४ लिटर
घ. माननिय श्री सुरेन्द्र पाण्डे : (चामल, दाल, नुन, तेल, साबुन) - १५० प्याकेट
ङ. रिजाल फुड प्रोडक्सन : (चिउरा, दालमोट, नुन, तेल, दाल) - ४८ प्याकेट, आलु : ४४ केजी, चामल १० बोरा(२५ केजी)
च. ने.क.पा. रत्ननगर : चामल १२ बोरा (२५ केजी), दाल २ बोरा २५ केजी
छ. नेवाः मैजु पुच : चामल ६ बोरा (३० केजी), सोयाविन ५ केजी, तेल २० लि. चाउचाउ : १ कार्टुन, दाल : १० केजी, नुन : १० केजी, सेतो केराउ : १० केजी, साबुन : १५० पिस
ज. श्री कृष्ण प्रणामी सेवा समिति, कृष्ण मन्दिर : चामल २० बोरा

निर्णय नं ५

कोरोना रोकथाम र नियन्त्रणको लागि रत्ननगर नगरपालिका वडा नं २ को नवनिर्मित वडा कार्यालय भवनलाई क्वारेन्टाईन होमको रुपमा तयार गर्न देहायका सामाग्रीहरु खरिद गर्ने निणर्य गरियो ।

क. म्याट, तन्ना, सिरानी, झुल र झुल स्टेण्ड : १०/१० थान
ख. भान्साका सामानहरु
ग. सेनिटेसन/सेनेटरी सामाग्रीहरु स्वास्थ्य शाखाले उपलब्ध गराउने
घ. खाद्यान्न सामाग्री नगरपालिकाले उपलब्ध गराउने

Scanned with CamScanner

ङ. क्वारेन्टाईन होममा खटिने कर्मचारीका लागि दैनिक रु १०००।- (अक्षरुपी एक हजार रुपैया मात्र) का दरले पारिश्रमिक उपलब्ध गराउने

निर्णय नं ६

यस रत्ननगर नगरपालिका क्षेत्र भित्र वाझो रुपमा रहेका खेतीयोग्य सार्वजनिक तथा प्लटिङ गरिएका जग्गा जमिनहरुलाई नगरपालिकाले उपयोग गरि खेती गर्ने निर्णय गरियो ।

निर्णय नं ७

वागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा निम्नानुसारको समपुरक र विशेष अनुदानका योजनाहरु छनौट गरि पेश गर्ने निर्णय गरियो ।

तपशिल :

क्र. सं.	आयोजनाको नाम	आयोजना स्थल	प्रस्तावित अनुमानित लागत		कुल लागत	समपुरक/ विशेष अनुदान
			प्रदेशमा माग गर्ने	नगरपालिकाले व्यहोर्ने		
१.	फनपार्क पूर्वाधार निर्माण	वडा नं ८	९९,७७६३४।२०	९९,७७६३४।२०	१,९९,५५,२६८।४०	समपुरक अनुदान
२.	भ्यू टावर निर्माण	वडा नं ८	९९,६९,४१२।९७	९९,६९,४१२।९७	१,९९,३८,८२५।९४	समपुरक अनुदान
३.	विपन्न समुदायको लागि सामुहिक खेती प्रवर्द्धन कार्यक्रम		५०,००,०००।००	-	५०,००,०००।००	विशेष अनुदान

निर्णय नं ८

मिति २०७७ वैशाख ३ गते प्रदेश राजपत्रमा प्रकाशित स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन वमोजिम सम्पूर्ण सुविधाहरु २०७६/०३/१० गते नगर सभावाट विनियोजित पदाधिकारी परिश्रमिक शिर्षकवाट मिति २०७६/०७/०१ गते वाट दोहोरो सुविधा नपर्ने गरि आर्थिक प्रशासन शाखालाई खर्च लेख्न दिने निर्णय गरियो ।

निर्णय नं ९

रत्ननगर रोटरी पुस्तकालय व्यवस्थापनको लागि रु ८,००,०००।- (अक्षरुपी आठ लाख रुपैया मात्र) विविध आकस्मिक पूर्वाधार विकास शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल वैशाख २६ गते यस रत्ननगर नगर कार्यपालिकाका बैठक नगर प्रमुख श्री नारायण वनज्यूका अध्यक्षतामा एवं तर्पाशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

क.स.	पद	नामथर	दस्तखत
१	नगर प्रमुख	श्री नारायण वन	
२	नगर उप प्रमुख	श्री विमला देवी दुवाडी	
३	वडा अध्यक्ष वडा नं. १	श्री शंकर सिं तमाङ्ग	
४	वडा अध्यक्ष वडा नं. २	श्री तिलक राज पौडेल	
५	वडा अध्यक्ष वडा नं. ३	श्री गुप्तनाथ भट्टराई	
६	वडा अध्यक्ष वडा नं. ४	श्री रविन्द्र चौधरी	
७	वडा अध्यक्ष वडा नं. ५	श्री कृष्ण महतो	
८	वडा अध्यक्ष वडा नं. ६	श्री वलराम दाहाल	
९	वडा अध्यक्ष वडा नं. ७	श्री लाल वहादुर भट्ट	
१०	वडा अध्यक्ष वडा नं. ८	श्री विनोद वस्नेत	
११	वडा अध्यक्ष वडा नं. ९	श्री रोशन आचार्य	
१२	वडा अध्यक्ष वडा नं. १०	श्री केशव आचार्य	
१३	वडा अध्यक्ष वडा नं. ११	श्री शशिभक्त न्यौपाने	
१४	वडा अध्यक्ष वडा नं. १२	श्री वीर वहादुर पाखिन	
१५	वडा अध्यक्ष वडा नं. १३	श्री चित्र वहादुर भण्डारी	
१६	वडा अध्यक्ष वडा नं. १४	श्री हरी कुमार श्रेष्ठ	
१७	वडा अध्यक्ष वडा नं. १५	श्री हुमनाथ लामिछाने	
१८	वडा अध्यक्ष वडा नं. १६	श्री हेमराज थापा	
१९	कार्यपालिका सदस्य	श्री राजेन्द्र परियार हमाल	
२०	कार्यपालिका सदस्य	श्री मिना गिरी	
२१	कार्यपालिका सदस्य	श्री भोला देवी गौडेल	
२२	कार्यपालिका सदस्य	श्री सरस्वति लामा	
२३	कार्यपालिका सदस्य	श्री निर्मला कुमारी खड्का	
२४	कार्यपालिका सदस्य	श्री रिता वि.क.	
२५	कार्यपालिका सदस्य	श्री कृष्ण हरी परीयार	
२६	कार्यपालिका सदस्य	श्री मन कुमारी वि.क.	
२७	सचिव (प्र.प्र.अ.)	श्री टुवराज पोखेल	

अन्य उपस्थिती :
प्रशासकीय अधिकृत श्री संगम सापकोटा
लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी
अधिकृत छैठौ श्री अर्जुन पगेनी
सहायक पाचौ श्री उमिला तमाङ्ग दाहाल

कृषि वि. अधिकृत श्री प्रविन लामा
राजश्व प्रमुख श्री धर्मराज अधिकारी

Scanned with CamScanner

निर्णय नं. १ :

विश्वभरि नै महामारीको रुपमा फैलिइरहेको कोरोना भाइरस (COVID-19) ले नेपाललाई पनि गम्भिर रुपमा असर गरी अर्थतन्त्रका विभिन्न क्षेत्रहरु लगायत कृषि क्षेत्रलाई पनि गम्भिर रुपमा असर पार्न सक्ने देखिएको हुँदा तपसिल बमोजिमको मापदण्डभित्र रही नगरभित्र रहेका खेतीयोग्य बाझो जग्गाहरुमा खेती गर्न नगरका कृषहरुलाई प्रोत्साहित गर्ने निर्णय गरियो ।

तपसिल :

- रत्ननगर नगरपालिकाभित्र रहेका खेतीयोग्य बाँझो जग्गाहरुमा जग्गाधनीलाई नै खेती गर्न प्रोत्साहित गर्ने,
- जग्गाधनी आफ्नो जग्गामा खेती गर्न इच्छुक नभएमा वडा कार्यालयको रोहवरमा कृषकहरुमार्फत खेती गराउन वडा कार्यालयले जग्गाधनीहरुसँग सहमति लिने,
- जग्गाधनीसँग सम्पर्क हुन नसकेको अवस्थामा वडा कार्यालयले कृषकहरुलाई खेती गर्नका लागि अनुमति दिने र जग्गाधनीसँग सम्पर्क भएपश्चात खेती गर्नका लागि सहमति लिने,
- बाँझो जग्गामा कृषकले बाली लगाइसकेपश्चात जग्गाधनीले कम्तीमा दुई वर्ष खेती गर्न दिने, सो अगावै जग्गाधनीले भौतिक संरचना निर्माण वाहेक अन्य प्रयोजनका लागि जग्गा माग गर्न नपाउने, अन्यथा कृषकले बाली लगाउने प्रयोजनमा गरेको खर्च जग्गाधनीले उपलब्ध गराउनुपर्ने,
- कृषकले सामुहिक रुपमा वडा कार्यालयको अनुमतिमा बाँझो जग्गामा खेती गर्न सक्ने,
- बाझो जग्गामा खेती गर्न जोत्ने, मल विउ किन्ने प्रयोजनार्थ एक पटकका लागि प्रति कठ्ठा रु. ३०० अनुदान वडा कार्यालयमार्फत उपलब्ध गराउने,
- बाझो जग्गामा बाली लगाए नलगाएको सम्बन्धमा कृषि विकास उपशाखा, वडा कार्यालय र टोल विकास संस्थाहरुले नियमित रुपमा अनुगमन गर्ने ।

निर्णय नं. २ :

विश्वभरि नै कोरोना भाइरस (COVID-19) को संक्रमण बढी देश नै लकडाउनमा रहेको, कृषि उत्पादनको आपूर्ति श्रृङ्खलामा नै समस्या देखिन थाली कृषि उत्पादनले मुल्य र बजार समेत पाउन नसकेको, देशमा बेरोजगार जनशक्तिको क्रमिक रुपमा वृद्धि भइरहेको र वैदेशिक रोजगारमा गएका धेरै युवा जनशक्ति पनि स्वदेश फर्कन सक्ने सम्भावना रहेको परिप्रेक्ष्यमा रत्ननगर नगरपालिका र समग्र पुर्वी चितवन क्षेत्रमा रहेका श्रमशक्तिलाई व्यवसायिक र आत्मनिर्भर कृषिमा आकर्षित गरी बेरोजगारीको विकराल समस्या समाधान गर्ने, नेपाल सरकार र रत्ननगर नगरपालिकाले तोकेको कृषि उपजको न्युनतम मुल्यमा नगरपालिकाले नै खरिद गरी कृषकलाई उचित मुल्य उपलब्ध गराई बजारीकरण गर्ने, कृषकहरुलाई योजनाबद्ध उत्पादनमा आवद्ध गराउने र कृषि पेशालाई सम्मानजनक व्यवसायको रुपमा स्थापित गर्ने उदेश्य अनुरुप तयार गरिएको कृषि वस्तु उत्पादन सुरक्षण स्कीमको प्रस्तावना नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र बागमती प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पेश गरिएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

रत्ननगर नगरपालिकाभित्र बसोबास गर्ने विपन्न परिवारहरुलाई लकडाउन अवधिभर राहत वितरण गर्दा नगरपालिका वा वडा कार्यालयमार्फत अनिवार्य रुपमा श्रम गराएर मात्र वितरण गर्ने निर्णय गरियो । तर, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, सुत्केरी महिला, अशक्त तथा विरामी व्यक्तिहरुको हकमा घरपरिवारमा श्रम गर्न सक्ने व्यक्ति नरहेको यकिन गरी वडा कार्यालयको सिफारिसको आधारमा राहत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ :

रत्ननगर नगरपालिका वडा नं. ६ को पत्रबाट सामाजिक सुरक्षा भत्ता कृषि विकास बैंक, सौराहाबाट वितरण हुँदै आएकोमा प्रभु बैंक, सौराहाबाट वितरण गर्नका लागि वडा समितिको निर्णयसहित अनुरोध भई आएकोले अनुमति दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ५ :
रत्ननगर नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाको वडा नं. ८ मा रहेका सार्वजनिक जग्गामा सार्वजनिक निजी साझेदारी मोडेलमा वाटर किड्गडम निर्माणको उपयुक्तता अध्ययनका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

श्री विनोद वस्नेत, वडा अध्यक्ष, वडा नं. ८	संयोजक
श्री हरि कुमार श्रेष्ठ, संयोजक, पूर्वाधार विकास समिति	सदस्य
श्री कष्ण महतो, वडा अध्यक्ष, वडा नं. ५	सदस्य
श्री बलराम दाहाल, वडा अध्यक्ष, वडा नं. ६	सदस्य
श्री लाल बहादुर भट्ट, वडा अध्यक्ष, वडा नं. ७	सदस्य
श्री केशव आचार्य, वडा अध्यक्ष, वडा नं. १०	सदस्य
प्रशासन तथा योजना शाखा प्रमुख	सदस्य सचिव

निर्णय नं. ६ :
रत्ननगर नगरपालिका क्षेत्रमा आगामी आ.व. मा विद्युत् विस्तार गर्नु पर्ने, ट्रान्सफर्मर सार्नुपर्ने/थप्नुपर्ने तथा बाटो विस्तारका कारण पोल सार्नु पर्ने भएमा वडा कार्यालयहरुमार्फत नेपाल विद्युत प्राधिकरण, टाँडी वितरण केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो । साथै, अब उप्रान्त भौतिक संरचना निर्माण गर्दा ट्रान्सफर्मर, ढल वा पानीको नाला/पाइप सार्नु/थप्नु पर्ने भई नगरपालिकाले लागत व्यहोर्नुपर्ने भएमा त्यस्तो भौतिक संरचनाको लागत अनुमान तयार गर्दा सो समेतलाई समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :
रत्ननगर नगरपालिका, नगर शिक्षा समितिबाट सिफारिस भएअनुसार कक्षा ११ र १२ को लागि सांविक बमोजिम नै नविकरण शुल्क लिने निर्णय गरियो ।

निर्णय नं. ८ :
नेपाल माध्यमिक विद्यालय, टाँडीको सौराहा चोकस्थित जग्गा उपयोग सम्बन्धमा अध्ययन गरी पेश गर्न पूर्वाधार विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९ :
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत खोप केन्द्र निर्माणका लागि रु. ७ लाख बजेट रकम प्राप्त भएकोमा वडा नं. १० मा खोप केन्द्र निर्माणका लागि लागत अनुमान अनुसारको रकम रु. ५,५२,४४५।९८ विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :
रत्ननगर नगरपालिका वडा नं. ९ मा निर्माणाधीन कल्चरल भिलेज छेउमा रहेको हाल उदय तिवारीको नाममा स्रेस्ता कायम रहेको जग्गा लगत कट्टा गरी नेपाल सरकारको नाममा गर्नका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ :
यस नगरपालिकामा कार्यरत मुखिया रामकृष्ण घिमिरे विरामी भई चितवन मेडिकल कलेज, भरतपुरमा उपचाररत रहेको र नियमानुसार पाउने औषधोपचार रकम उपलब्ध गराइदिनुहुन भनी अनुरोध भइ आएकोले सांविक स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा व्यवस्था भएबमोजिमको उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२ :
रत्ननगर नगरपालिकाको स्वामित्वमा रहेको ना. १ च ७१४९ नं. को एम्बुलेन्स बकुलहर रत्ननगर अस्पताललाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल जेष्ठ ११ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

क.स.	पद	नामथर	दस्तखत
१	नगर प्रमुख	श्री नारायण वन	
२	नगर उपप्रमुख	श्री बिमला देवी दुवाडी	
३	वडा अध्यक्ष वडा नं. १	श्री शंकर सिं तमाङ्ग	
४	वडा अध्यक्ष वडा नं. २	श्री तिलक राज पौडेल	
५	वडा अध्यक्ष वडा नं. ३	श्री गुप्तनाथ भट्टराई	
६	वडा अध्यक्ष वडा नं. ४	श्री रबिन्द्र चौधरी	
७	वडा अध्यक्ष वडा नं. ५	श्री कृष्ण महतो	
८	वडा अध्यक्ष वडा नं. ६	श्री बलराम दाहाल	
९	वडा अध्यक्ष वडा नं. ७	श्री लाल बहादुर भट्ट	
१०	वडा अध्यक्ष वडा नं. ८	श्री बिनोद बस्नेत	
११	वडा अध्यक्ष वडा नं. ९	श्री रोशन आचार्य	
१२	वडा अध्यक्ष वडा नं. १०	श्री केशब आचार्य	
१३	वडा अध्यक्ष वडा नं. ११	श्री शशी भक्त न्यौपाने	
१४	वडा अध्यक्ष वडा नं. १२	श्री बीर बहादुर पाखिन	
१५	वडा अध्यक्ष वडा नं. १३	श्री चित्र बहादुर भण्डारी	
१६	वडा अध्यक्ष वडा नं. १४	श्री हरी कुमार श्रेष्ठ	
१७	वडा अध्यक्ष वडा नं. १५	श्री हुमनाथ लामिछाने	
१८	वडा अध्यक्ष वडा नं. १६	श्री हेमराज थापा	
१९	कार्यपालिका सदस्य	श्री राजेन्द्र परीयार हमाल	
२०	कार्यपालिका सदस्य	श्री मिना गिरी	
२१	कार्यपालिका सदस्य	श्री भोला देवी गौडेल	
२२	कार्यपालिका सदस्य	श्री सरस्वति लामा	
२३	कार्यपालिका सदस्य	श्री निर्मला कुमारी खड्का	
२४	कार्यपालिका सदस्य	श्री रिता बि.क.	
२५	कार्यपालिका सदस्य	श्री कृष्ण हरी परीयार	
२६	कार्यपालिका सदस्य	श्री मन कुमारी बि.क.	
२७	सचिव (प्र.प्र.अ.)	श्री टुवराज पोखेल	

अन्य उपस्थिती :

प्रशासकीय अधिकृत श्री संगम सापकोटा

लेखा अधिकृत अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत श्री अर्जुन पगेनी

सहायक पाचौं श्री उर्मिला तमाङ्ग दाहाल

प.वि.अ. श्री गोविन्द पौडेल

कृषि विकास अधिकृत श्री प्रविन लामा

अधिकृत हेर्दा श्री धर्मराज अधिकारी

Scanned with CamScanner

निणय नं. १ :
श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरे बमोजिमको राजश्व अनुमान, वडागत तथा क्षेत्रगत बजेट सिलिङ, कार्यतालिका र मार्गदर्शन स्विकृत गरी बजेट निर्माणको प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।
तपसिल :

आय व्ययको विवरण

आ.व.२०७७/७८

अनुसूची-१

शीर्षक	आ.व. २०७५/७६ को यथार्थ	आ.व. २०७६/७७ को संशोधित अनुमान	आ.व. २०७७/७८ को अनुमान
आयः		०	१,०५१,४०३,२५८.००
राजस्वः		०	२५७,९५५,८५८.००
आन्तरिक राजस्व			१००,०००,०००.००
राजस्व बाँडफाँडबाट प्राप्त रकम			१३७,९५५,८५८.००
अन्य आय (अघिल्लो वर्षको मौज्दात)			२०,०००,०००.००
अन्तर सरकारी वित्तीय हस्तान्तरण		०	७८३,४४७,४००.००
नेपाल सरकारबाट प्राप्त			७३३,६२०,४००.००
प्रदेश सरकारबाट प्राप्त			३४,८२७,०००.००
अन्तर स्थानीय तहबाट प्राप्त			१५,०००,०००.००
जनसहभागिताः		०	१०,०००,०००.००
नगद सहभागिता			१०,०००,०००.००
श्रम तथा वस्तुगत सहायता			-
व्ययः		०	१,०५१,४०३,२५८.००
चालु खर्च			६५१,४०३,२५८.००
पूँजिगत खर्च			४००,०००,०००.००
बजेट बचत (+)/न्यून (-)		०	-
वित्तीय व्यवस्था		०	-
खुद ऋण लगानी		०	-
ऋण लगानी (-)			
ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+)			
खुद शेयर लगानी		०	-
शेयर लगानी (-)			
शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+)			
खुद ऋण प्राप्ती		०	-
ऋणको साँवा व्याज भुक्तानी (-)			
ऋण प्राप्ती (+)			
अन्तिम बजेट बचत (+)/न्यून (-)		०	-

Scanned with CamScanner

रत्ननगर नगरपालिका
राजस्व तथा अनुदान प्राप्तिको अनुमान
आ.व.२०७७/७८

अनुसूची-२

शीर्षक				आ.व.२०७४/७५ को यथार्थ	आ.व. २०७६/७७ को संशोधित अनुमान	आ.व. २०७७/७८ को अनुमान
राजस्वः						२५७,९५५,८५८.००
	आन्तरिक राजस्वः					१००,०००,०००.००
	राजस्व बाँडफाँड बाट प्राप्त रकम					१३७,९५५,८५८.००
१४१७७	घरजग्गा रजिस्ट्रेसन दस्तुर नेपाल सरकार					
१४१७९	नेपाल सरकार अन्य बाँडफाँड					१००,७२८,८५८.००
१४१७९	प्रदेश सरकार अन्य बाँडफाँड सवारी साधन कर					३७,२२७,०००.००
	अन्य आयः					२०,०००,०००.००
	साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम				०	
	बेरुजु असुली					
	गत वर्षको नगद मौज्दात					२०,०००,०००.००
अन्तर सरकारी वित्तीय हस्तान्तरणः					०	७८३,४४७,४००.००
	नेपाल सरकारबाट प्राप्त अनुदानः					७३३,६२०,४००.००
	वित्तीय समानीकरण अनुदान					१८७,०००,०००.००
	सशर्त अनुदान					२८२,०००,०००.००
	समपूरक अनुदान					१०,०००,०००.००
	विशेष अनुदान					२०,०००,०००.००
	प्रधानमन्त्री रोजगार कार्यक्रम					३,५००,०००.००
	सडक बोर्ड					८,०००,०००.००
	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम					१६,५००,०००.००
	अन्य अनुदान (सामाजिक सुरक्षा भत्ता)					२०६,६२०,४००.००
	प्रदेश सरकारबाट प्राप्त अनुदानः					३४,८२७,०००.००
	वित्तीय समानीकरण अनुदान					१०,९५७,०००.००
	सशर्त अनुदान					३,८७०,०००.००
	समपूरक अनुदान					१०,०००,०००.००
	विशेष अनुदान					१०,०००,०००.००
	प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम					२२,५००,०००.००
	अन्य स्थानीय तहबाट प्राप्त अनुदानः					१५,०००,०००.००
	सशर्त अनुदान					:
	समपूरक अनुदान जिल्ला समन्वय समिति					१५,०००,०००.००
	विशेष अनुदान					
जनसहभागिताः						१०,०००,०००.००
	नगद सहभागिता					१०,०००,०००.००
	श्रम तथा वस्तुगत सहायता					

Scanned with CamScanner

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन

वडागत कुल बजेट

सि.नं.	वडा नं.	जनसङ्ख्या		भुगोल		राजस्व संकलन (२०७६ श्रावण देखि २०७६ चैत्र १० सम्म)		ल्याण्डफिल साइट	समान अनुदान	सूत्रमा आधारित भार	थप बजेट	कुल बजेट
		३५		३०		३१		४				
		संख्या	भार	संख्या	भार	संख्या	भार	भार			२४,०००,०००।००	
१	१	४९९९	०।०७२४	१।५३	०।०२२३	५,६१०,५३६।३२	०।११२५	०।००००	७,०००,०००।००	०।०६६९	१,६०५,६४८।१४	८,६०५,६४८।१४
२	२	४५८९	०।०६६५	०।९५	०।०१३८	६,१७७,३६२।५९	०।१२३८	०।००००	७,०००,०००।००	०।०६५८	१,५७९,४७६।२६	८,५७९,४७६।२६
३	३	४०५७	०।०५८८	३।७८	०।०५५०	२,३०४,९०१।४३	०।०४६२	०।००००	७,०००,०००।००	०।०५१४	१,२३३,८७७।५४	८,२३३,८७७।५४
४	४	४१३४	०।०५९९	३।८५	०।०५६१	३,०९४,७४६।०३	०।०६२०	०।००००	७,०००,०००।००	०।०५७०	१,३६८,३९२।९७	८,३६८,३९२।९७
५	५	३५६७	०।०५१७	५।०४	०।०७३४	१,३८७,८३०।८६	०।०२७८	०।००००	७,०००,०००।००	०।०४८७	१,१६९,५७०।१८	८,१६९,५७०।१८
६	६	३६३०	०।०५२६	८।७४	०।१२७३	४,१४२,००८।२५	०।०८३०	०।००००	७,०००,०००।००	०।०८२३	१,९७५,९६२।४३	८,९७५,९६२।४३
७	७	३७०८	०।०५३७	५।१५	०।०७५०	२,४२३,३३२।३२	०।०४८६	०।००००	७,०००,०००।००	०।०५६४	१,३५२,७०८।३९	८,३५२,७०८।३९
८	८	३५०२	०।०५०७	३।७६	०।०५४८	३,११५,४६५।३३	०।०६२५	०।००००	७,०००,०००।००	०।०५३५	१,२८५,१२६।६१	८,२८५,१२६।६१
९	९	४६१०	०।०६६८	५।६४	०।०८२१	१,८६२,४००।००	०।०३७३	०।००००	७,०००,०००।००	०।०५९६	१,४३०,२०३।८०	८,४३०,२०३।८०
१०	१०	५७८९	०।०८३९	२।२१	०।०३२२	४,२९०,४८३।९४	०।०८४४	०।००००	७,०००,०००।००	०।०६५२	१,५६४,२७९।७५	८,५६४,२७९।७५
११	११	३४९२	०।०५०६	६।०७	०।०८८४	१,४५७,८९९।५०	०।०२९२	१।००००	७,०००,०००।००	०।०९३३	२,२३८,८८७।४१	९,२३८,८८७।४१
१२	१२	४८४७	०।०७०२	३।९४	०।०५७४	२,९१८,३४२।४८	०।०५८५	०।००००	७,०००,०००।००	०।०५९९	१,४३८,२९७।६५	८,४३८,२९७।६५
१३	१३	५५१४	०।०७९९	४।५६	०।०६६४	३,६६१,५३९।०९	०।०७३४	०।००००	७,०००,०००।००	०।०७०६	१,६९५,३३१।०८	८,६९५,३३१।०८
१४	१४	३९७१	०।०५७५	५।८१	०।०८४६	३,३३३,४३१।२७	०।०६६८	०।००००	७,०००,०००।००	०।०६६२	१,५८९,६५८।५८	८,५८९,६५८।५८
१५	१५	४८०३	०।०६९६	३।०१	०।०४३८	१,७८०,८१५।०४	०।०३५७	०।००००	७,०००,०००।००	०।०४८६	१,१६५,७७१।७७	८,१६५,७७१।७७
१६	१६	३८०५	०।०५५१	४।६३	०।०६७४	२,४०१,९७७।०९	०।०४८२	०।००००	७,०००,०००।००	०।०५४५	१,३०६,८०७।४४	८,३०६,८०७।४४
	जम्मा	६९०१७	१	६८।६७	१	४९,८८३,०७१।५४	१	१	११२,०००,०००।००	१	२४,०००,०००।००	१३६,०००,०००।००

Scanned with CamScanner

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन

नगरपालिका क्षेत्रगत बजेट

१०९,९१२,८५८।००

क्र.सं.	विवरण	क्षेत्रगत भार	क्षेत्रगत बजेट
१.	आर्थिक विकास	२०	२१,९८२,५७१.६०
२.	सामाजिक विकास	२०	२१,९८२,५७१.६०
३.	पुर्वाधार विकास	२०	२१,९८२,५७१.६०
४.	वन, वातावरण तथा विपद व्यवस्थापन	७	७,६९३,९००.०६
५.	सुशासन तथा संस्थागत विकास	३	३,२९७,३८५.७४
६.	समपुरक कोष	३०	३२,९७३,८५७.४०
जम्मा		१००	१०९,९१२,८५८.००

Scanned with CamScanner

नगर कार्यपालिकाको कार्यालय

रत्ननगर, चितवन

वडागत क्षेत्रगत बजेट

क्र.सं.	वडा नं.	वडागत सिलिङ	आर्थिक विकास	सामाजिक विकास	पुर्वाधार विकास	वन, वातावरण तथा विपद व्यवस्थापन	सुशासन तथा संस्थागत विकास	समपुरक कोष	जम्मा
			१०	२२	५५	१०	३	०	१००
१	१	८,६०५,६४८.१४	८६०,५६४.८१	१,८९३,२४२.५९	४,७३३,१०६.४८	८६०,५६४.८१	२५८,१६९.४४	-	८,६०५,६४८.१४
२	२	८,५७९,४७६.२६	८५७,९४७.६३	१,८८७,४८४.७८	४,७१८,७११.९४	८५७,९४७.६३	२५७,३८४.२९	-	८,५७९,४७६.२६
३	३	८,२३३,८७७.५४	८२३,३८७.७५	१,८११,४५३.०६	४,५२८,६३२.६५	८२३,३८७.७५	२४७,०१६.३३	-	८,२३३,८७७.५४
४	४	८,३६८,३९२.९७	८३६,८३९.३०	१,८४१,०४६.४५	४,६०२,६१६.१३	८३६,८३९.३०	२५१,०५१.७९	-	८,३६८,३९२.९७
५	५	८,१६९,५७०.१८	८१६,९५७.०२	१,७९७,३०५.४४	४,४९३,२६३.६०	८१६,९५७.०२	२४५,०८७.११	-	८,१६९,५७०.१८
६	६	८,९७५,९६२.४३	८९७,५९६.२४	१,९७४,७११.७३	४,९३६,७७९.३४	८९७,५९६.२४	२६९,२७८.८७	-	८,९७५,९६२.४३
७	७	८,३५२,७०८.३९	८३५,२७०.८४	१,८३७,५९५.८५	४,५९३,९८९.६१	८३५,२७०.८४	२५०,५८१.२५	-	८,३५२,७०८.३९
८	८	८,२८५,१२६.६१	८२८,५१२.६६	१,८२२,७२७.८५	४,५५६,८१९.६४	८२८,५१२.६६	२४८,५५३.८०	-	८,२८५,१२६.६१
९	९	८,४३०,२०३.८०	८४३,०२०.३८	१,८५४,६४४.८४	४,६३६,६१२.०९	८४३,०२०.३८	२५२,९०६.११	-	८,४३०,२०३.८०
१०	१०	८,५६४,२७९.७५	८५६,४२७.९७	१,८८४,१४१.५४	४,७१०,३५३.८६	८५६,४२७.९७	२५६,९२८.३९	-	८,५६४,२७९.७५
११	११	९,२३८,८८७.४१	९२३,८८८.७४	२,०३२,५५५.२३	५,०८१,३८८.०८	९२३,८८८.७४	२७७,१६६.६२	-	९,२३८,८८७.४१
१२	१२	८,४३८,२९७.६५	८४३,८२९.७६	१,८५६,४२५.४८	४,६४१,०६३.७०	८४३,८२९.७६	२५३,१४८.९३	-	८,४३८,२९७.६५
१३	१३	८,६९५,३३१.०८	८६९,५३३.११	१,९१२,९७२.८४	४,७८२,४३२.०९	८६९,५३३.११	२६०,८५९.९३	-	८,६९५,३३१.०८
१४	१४	८,५८९,६५८.५८	८५८,९६५.८६	१,८८९,७२४.८९	४,७२४,३९२.२२	८५८,९६५.८६	२५७,६८९.७६	-	८,५८९,६५८.५८
१५	१५	८,१६५,७७१.७७	८१६,५७७.१८	१,७९६,४६९.७९	४,४९१,१७४.४७	८१६,५७७.१८	२४४,९७३.१५	-	८,१६५,७७१.७७
१६	१६	८,३०६,८०७.४४	८३०,६८०.७४	१,८२७,४९७.६४	४,५६८,७४४.०९	८३०,६८०.७४	२४९,२०४.२२	-	८,३०६,८०७.४४
	जम्मा	१३६,०००,०००.००	१३,६००,०००.००	२९,९२०,०००.००	७४,८००,०००.००	१३,६००,०००.००	४,०८०,०००.००	-	

Scanned with CamScanner

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन

कुल क्षेत्रगत बजेट

क्र.सं.	विवरण	नगर क्षेत्रगत बजेट	वडागत क्षेत्रगत बजेट	कुल क्षेत्रगत बजेट
१.	आर्थिक विकास	२१,९८२,५७१.६०	१३,६००,०००.००	३५,५८२,५७१.६०
२.	सामाजिक विकास	२१,९८२,५७१.६०	२९,९२०,०००.००	५१,९०२,५७१.६०
३.	पुर्वाधार विकास	२१,९८२,५७१.६०	७४,८००,०००.००	९६,७८२,५७१.६०
४.	वातावरण तथा विपद व्यवस्थापन	७,६९३,९००.०६	१३,६००,०००.००	२१,२९३,९००.०६
५.	सुशासन तथा संस्थागत विकास	३,२९७,३८५.७४	४,०८०,०००.००	७,३७७,३८५.७४
७.	समपुरक कोष	३२,९७३,८५७.४०	-	३२,९७३,८५७.४०
	जम्मा	१०९,९१२,८५८.००	१३६,०००,०००.००	२४५,९१२,८५८.००

Scanned with CamScanner

विषयगत क्षेत्रमा समेट्नु पने क्षेत्रहरु :

क्र.सं	विवरण	नगरपालिका प्रतिशत	वडा प्रतिशत	समेटनु पर्ने क्षेत्रहरु
१.	आर्थिक विकास	२०	१०	कृषि (कृषि आधुनीकिकरण, बाली विकास कार्यक्रम, आलु, तरकारी तथा मसला बाली विकास कार्यक्रम, सहकारी खेती, साना सिचाई तथा मल विउ ढुवानी कार्यक्रम, कृषि प्रसार कार्यक्रम), पशु (बंगुर तथा कुखुरा पालन सहकारी कार्यक्रम, पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम, पशु आहार विकास कार्यक्रम, पशु स्वास्थ्य नियमन कार्यक्रम, पशु सेवा प्रसार कार्यक्रम, पशु विकास सेवा कार्यक्रम), उद्योग तथा बाणिज्य, पर्यटन (पर्यटन पुर्वाधार विकास कार्यक्रम), सहकारी, वित्तिय क्षेत्र
२.	सामाजिक विकास	२०	२२	लक्षित वर्ग,शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन (ऐतिहासिक, पुरातात्वीक, धार्मिक स्थलहरुको संरक्षण), लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सशक्तिकरण खेलकुद, युवा लक्षित कार्यक्रम, भाषा, साहित्य, कला, पुरस्कार सम्मान
३.	पुर्वाधार विकास	२०	५५	सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलबिद्युत (बैकल्पिक उर्जा समेत), संचार
४.	वातावरण तथा विपद व्यवस्थापन	७	१०	वन तथा भु-संरक्षण (बृक्षारोपण, नर्सरी व्यवस्थापन), जलाधार, संरक्षण, वातावरण संरक्षण, जलबायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, ल्याण्डफिल साईट, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन
५.	सुशासन तथा संस्थागत विकास	३	३	मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पुर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतीय सूचना प्रविधिको प्रयोग, ऐन कानुन तर्जुमा तथा कार्यान्वयन, न्यायिक समिति, मेलमिलाप समिति, लेखांकन, राजश्व परिचालन, वित्तिय अनुशासन, वित्तिय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा बेरुजु फर्छ्यौट, सूचना तथा संचार व्यवस्थापन, सार्वजनिक परिक्षण, वडा भेला, नगर सभा, बजार अनुगमन
७.	समपुरक कोष	३०	०	
जम्मा		१००	१००	

नोटः १. वडा बाट कार्यक्रम तथायोजना छनौट तथा प्राथमिकीकरण गरि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

२. पेश भएका कार्यक्रम तथा योजनाहरुलाई विषयगत समितिमा छलफल गरि प्राथमिकीकरणको आधारमा बजेट विनियोजन गरिनेछ।

सभा सञ्चालन चरणगत कार्यतालिका

क्र.म.	कार्य विवरण	मिति	जिम्मेवारी
१	श्रोत अनुमान तथा कुल बजेट सिमा र मार्गदर्शन निर्धारण र स्वीकृति	२०७६/२/११ गते	श्रोत अनुमान तथा कुल बजेट निर्धारण समिति
३	वडा स्तरीय र नगरस्तरीय आयोजना/ कार्यक्रम प्राथमिकीकरण गरि नगरपालिकामा पेश गर्ने	२०७६/२/१२ देखि २०७६/२/२० गते सम्म	वडा समिति, विषयगत समिति
४	कार्यक्रमहरुको विषय क्षेत्रगत सुची निर्धारण	२०७६/२/२२ देखि २०७६/२/२५ गते सम्म	बजेट तथा कार्यक्रम तर्जुमा समिति
५	विषय क्षेत्रगत सुची उपर छलफल गरि प्राथमिकीकरण गरि पेश गर्ने	२०७६/२/२६ देखि २०७६/२/२९ गते सम्म	विषयगत कार्य समूह
६	प्राथमिकीकरण भई पेश भएका योजना उपर छलफल	२०७६/२/३० देखि २०७६/३/३ गते सम्म	बजेट तथा कार्यक्रम तर्जुमा समिति
७	नीति, कार्यक्रम तथा बजेट निर्धारण गरि नगर कार्यपालिकामा पेश गर्ने	२०७५/३/५ गते	बजेट तथा कार्यक्रम तर्जुमा समिति
८	नगर कार्यपालिकाद्वारा स्वीकृत गर्ने	२०७५/३/६ गते	नगर कार्यपालिका
९	नगर कार्यपालिकाद्वारा सभामा पेश गर्ने	२०७५/३/१० गते	नगर कार्यपालिका
१०	नीति, कार्यक्रम तथा बजेट उपर छलफल	२०७५/३/१० गते	नगर सभा

Scanned with CamScanner

मार्गदर्शन

वडास्तरीय योजना तथा कार्यक्रम छनौट तथा प्राथमिकीकरणका लागि :

४५. आयोजना कार्यक्रम छनौट गर्दा वडा भित्रकावस्तिहरुलाई भौगोलिकअवस्थिती, जनसंख्या, यातायातको सुविधालगायतकाआधारमा समानुपातिक योजना छनौटको व्यवस्था मिलाउनुपर्नेछ ।

४६. आयोजना/कार्यक्रममा बालबालिका, महिला, आदिवासी, जनजाती, मधेसी, दलित, अपांग, सिमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपुर्ण उपस्थितीहुने व्यवस्थामिलाउनु पर्नेछ ।

४७. नागरिक समाजका संस्थाहरु, महिला, आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्था, टोल विकास संस्थाहरुबाट समेत योजना तथा कार्यक्रम तर्जुमामा सल्लाह लिनु पर्नेछ ।

४८. वडास्तरीय योजनामा समावेश नभएका तर नगरस्तरमा महत्वपुर्ण देखिएकाआयोजना, कार्यक्रमहरुलाई समेत औचित्यखुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सकिनेछ ।

४९. कोरोना भाइरससँग लड्नका लागि वडास्तरमा क्वारेन्टाइन सञ्चालन हुने व्यवस्था गर्नुपर्नेछ ।

५०. महामारीका कारण रोजगार गुमाएका व्यक्तिहरुलाई रोजगारी उपलब्ध हुन सक्ने प्रकृतिको योजना तथा कार्यक्रम छनौटमा प्राथमिकता दिनुपर्नेछ ।

५१. भोको पेट रहन गएका व्यक्तिहरुलाई राहत उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।

५२. वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

५३. बालबालिकाहरुलाई बि.सि.जि., पोलियो, भिटाभिन ए लगायत खोप कार्यक्रमको संचालन, व्यवस्थापन एवं समन्वय गर्नुपर्नेछ ।

५४. पोषण कार्यक्रमको संचालन तथा समन्वय गर्नुपर्नेछ ।

५५. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रम संचालन गर्नुपर्नेछ ।

५६. शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको संचालन गर्नुपर्नेछ ।

५७. अशक्त विरामी भएको वेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधी उपचार गराउनु पर्नेछ ।

५८. असहाय वा बेवारिसे व्यक्तिको मृत्यु भएका निजको दाह संस्कारको व्यवस्था मिलाउनु पर्नेछ ।

५९. घरबाट निकास हुने फोहोरमैला संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेको जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको श्रोत संरक्षण गर्नुपर्नेछ ।

६०. सफा र स्वच्छ खानेपानीको प्रयोगको प्रवर्द्धन गर्नुपर्नेछ ।

६१. कृषि तथा फलफुल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्नुपर्नेछ ।

६२. कृषिमा लाग्ने रोगहरुको विवरण तयार गर्ने र रोग नियन्त्रण कार्यक्रम संचालन गर्नुपर्नेछ ।

६३. पशुपंक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्नुपर्नेछ ।

६४. बाँझो जग्गामा खेती गर्न प्रोत्साहित गर्नुपर्नेछ ।

६५. कृषि उत्पादन तथा पशुपालनको बीमा गर्न प्रोत्साहित गर्नुपर्नेछ ।

६६. कृषि विउविजनको वितरण तथा कृषि तथा पशु उत्पादनमा अनुदानको व्यवस्था गर्नुपर्नेछ ।

६७. स्थानीय आवश्यकताअनुसार कृषि तथा पशु तालिमको व्यवस्था गर्नुपर्नेछ ।

६८. सार्वजनिक पार्क, मनोरन्जन स्थल तथा बालउद्यानको निर्माण तथा संचालनको व्यवस्था गर्नुपर्नेछ ।

६९. विद्यालयहरुको क्षमता विकास तथा व्यवस्थापन गर्नुपर्नेछ ।

७०. अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बालविकास केन्द्र संचालन र व्यवस्थापन गर्नुपर्नेछ ।

७१. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव, बालभेला तथा बालसंजालको संचालन र व्यवस्थापन गर्नुपर्नेछ ।

७२. सार्वजनिक शौचलय, प्रतिक्षालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्नुपर्नेछ ।

७३. स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामुलक तथा सांस्कृतिक कार्यक्रम गर्नुपर्नेछ ।

७४. स्थानीय मौलिकता झल्कीने सांस्कृतिक रितीरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्नुपर्नेछ ।

७५. स्थानीय पर्यटकीय क्षेत्रहरुको पहिचान तथा स्थानीय संस्कृतिको जगेर्ना गरी पर्यटकीय सम्भावनाहरुको विकास गर्नुपर्नेछ ।

Scanned with CamScanner

७६. स्थानीय स्तरमा गठन भएका संघसंस्था, समूह, सहकारी लगायतको क्षमता विकास गर्नुपर्नेछ ।
७७. स्थानीय ऐतिहासिक, पुरातात्विक, धार्मिक स्थल तथा सम्पदाहरुको संरक्षण गर्नुपर्नेछ ।
७८. वडाभित्र खेलकुद पुर्वाधारको विकास गर्नुपर्नेछ ।
७९. अन्तर विद्यालय तथा बालक्लवमार्फत खेलकुद कार्यक्रमको संचालन गर्नुपर्नेछ ।
८०. युवा लक्षित कार्यक्रमहरु संचालन गर्नुपर्नेछ ।
८१. वडा क्षेत्रभित्रको बाटो घाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्नुपर्नेछ ।
८२. वडा भित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने व्यवस्था गर्नुपर्नेछ ।
८३. घरेलु उद्योगको लगत संकलन तथा सम्भाव्यता पहिचान गर्नुपर्नेछ ।
८४. वडाभित्र घरेलु उद्योग प्रवर्द्धन गर्नुपर्नेछ ।
८५. वडालाई बालमैत्री बनाउनु पर्नेछ ।
८६. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्नु पर्नेछ ।
८७. बालविवाह, बहुविवाह, महिला विरुद्धको हिंसा, बोक्साबोक्सी, छुवाछुत, दाईजो, बालश्रम, लैंगिक भेदभाव, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्नु पर्नेछ ।
८८. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेछ ।
८९. वडा, टोल, वस्ती स्तरमा हरियाली क्षेत्र विस्तार गर्नुपर्नेछ ।
९०. वडालाई वातावरणमैत्री बनाउने तथा जलवायु परिवर्तन अनुकुलनका कार्यहरु गर्नुपर्नेछ ।
९१. प्रांगारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पुर्ण खोप, खुल्ला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्नुपर्नेछ ।

नगरस्तरीय योजना तथा कार्यक्रम छनोट तथा प्राथमिकीकरणका लागि :

१. वडास्तरबाट छनौट भई प्राथमिकीकरणमा परेका योजना तथा कार्यक्रमहरुसँग दोहोरोपना नहुने साथै समपूरक हुने गरी योजना तथा कार्यक्रमहरुको छनौट गर्नुपर्नेछ ।
२. नगरपालिकाको दिगो विकासमा महत्व राख्ने योजनाहरुको कार्यान्वयनमा जोड दिनु पर्नेछ ।
३. स्थानीय तहलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायतका ऐन कानुनहरुबाट प्राप्त अधिकार तथा कर्तव्यहरुको प्रभावकारी कार्यान्वयन हुने गरी योजना तथा कार्यक्रमहरु छनौट गर्नुपर्नेछ ।

निर्णय नं. २ :

मिति २०७७।०२।१२ मा पर्न गएको मुस्लिम समुदायको चाड इद उल फितरको उपलक्ष्यमा सम्पूर्ण मुस्लिम नगरवासीहरुलाई शुभकामना दिदै घरमै बसी मनाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

रत्ननगर नगरपालिकामा स्थायी बसोवास भई हाल विदेश रहेका व्यक्तिहरु नगरपालिकामा आउन शुरु भएको हुँदा पर्याप्त क्वारेन्टीनका व्यवस्था गर्न प्रत्येक वडाहरुले नगरपालिकामा रहेका विद्यालयहरु, स्थानीय संघ संस्थाका भवनहरुलाई क्वारेन्टीन वनाउने निर्णय गरियो । साथै, नगरपालिकाभित्र रहेका कलेजलाई समेत क्वारेन्टीनका लागि भवन उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

रत्ननगर नगरपालिका वडा नं. ९ को मिति २०७७।०२।११ को पत्रबाट तपसिलका वडास्तरीय योजनाहरुबाट रकमान्तर गरीदिनका लागि वडा समितिको निर्णयसहित पत्राचार भई आएकोले सो योजनाहरुमा विनियोजित रकम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

क्र.सं.	चालु योजना वडाबाट विनियोजित भएको योजना	खर्च शिर्षक	रकम (रु.)	रकमान्तर गर्नुपर्ने योजना	रकम (रु.)
१.	मोहना जस्पाल महेन्द्र दाहालको घरदेखि पूर्व अधुरो कालो पत्रे	३११५१	१२,५०,०००।-	बालुवाटार खगेरी खोला तटवन्धन (बाँध निर्माण)	१३,००,०००।-
२	तमाङ्ग समाज सत्तल निर्माण	३११११	५०,०००।-		
	कुल रकमान्तर रकम				**१३,००,०००।-**

Scanned with CamScanner

निर्णय नं. ५.

रत्ननगर नगरपालिका वडा नं. १ को मिति २०७७।०२।०९, च. नं. १५५२ को पत्रबाट तपसिलका वडास्तरीय योजनाहरुबाट रकमान्तर गरीदिनका लागि वडा समितिको निर्णयसहित पत्राचार भई आएकोले सो योजनाहरुमा विनियोजित रकम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

क्र. सं.	चालु योजना वडाबाट विनियोजित भएको योजना	रकम (रु.)	रकमान्तर गर्नुपर्ने योजना	रकम (रु.)
१.	वडा गुरुयोजना	८५,०००।-	वडाभित्रका सडकमा खाल्टाखुल्टीमा ग्रावेल गर्ने	८५,०००।-
२	विस्थापित बालबालिकालाई अभिभावक पुनर्मिलन गराउने	२५,०००।-	ऊँ शान्ति राप्रावि का गरिव जेहेन्दार विद्यार्थीलाई स्टेसनरी सहयोग	२५,०००।-
३	व्यवसायिक कृषकलाई आधुनिक उद्यमशिलता तालिम	५१,८००।-	विविध	५१,८००।-
	कुल रकमान्तर रकम			**१,६१,८००।-**

निर्णय नं. ६.

रत्ननगर नगरपालिका वडा नं. १४ को मिति २०७७।०२।१०, च. नं. १७९६ को पत्रबाट तपसिलका वडास्तरीय योजनाहरुबाट रकमान्तर गरीदिनका लागि वडा समितिको निर्णय सहित पत्राचार भई आएकोले सो योजनाहरुमा विनियोजित रकम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

क्र. सं.	चालु योजना वडाबाट विनियोजित भएको योजना	रकम (रु.)	रकमान्तर गर्नुपर्ने योजना	रकम (रु.)
१.	वडा स्तरिय वजेट सडक कालोपत्रे तथा मर्मत	१२,००,०००।-	कृषकलाई धानको बीउ वितरण कार्यक्रम	२,००,०००।-
			जनदया मार्ग, शिवसम्भु मार्ग तथा आदर्श टोल सडक उच्चस्तरिय ग्रावेल	३,००,०००।-
			क्वारेन्टाईन व्यवस्थापन तथा राहत वितरण तथा जनदया मा.वि. शौचालय निर्माण	१,५०,०००।-
			वडा कार्यालय पर्खाल निर्माण (अधुरो)	३,५०,०००।-
			ह्युम पाइप खरिद	२,००,०००।-
	कुल रकमान्तर रकम			**१२,००,०००।-**

निर्णय नं. ७

रत्ननगर नगरपालिका सार्वजनिक सेवा तथा क्षमता विकास समितिको मिति २०७७।०१।३० गतेको तपसिलका निर्णयहरुका सम्बन्धमा तपसिल वमोजिम गर्ने निर्णय गरियो ।

तपसिल :

१. यस कार्यालयमा विगतदेखि नै स्थायीरुपमा कार्यरत तपसिलका कर्मचारीहरुलाई हाल विरामी भई स्वास्थ्य उपचार गराई रहनुभएकोमा निजहरुलाई यस कार्यालयमा पुऱ्याउनु भएको सेवाको उच्च मुल्यांकन गर्दै निम्नानुसार हुने गरी आर्थिक सहयोग उपलव्ध गराउन नगर कार्यपालिकालाई सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

तपसिल:

- सहायक पाचौं (आलेप) श्री राजेश गुरुङ्ग — रु. ५०,०००।- (पचास हजार मात्र)
- ईलेक्ट्रिसियन श्री रामकृष्ण घिमिरे — रु. ५०,०००।- (पचास हजार मात्र)
- सरसफाईकर्मी श्री बुधन महतो — रु. २८,५००।- (अठ्ठाईस हजार पाँच सय मात्र)

Scanned with CamScanner

२ यस नगरपालिकाको लागि दुइ थान मोटरसाइकल र एक थान स्कुटर खरिद गर्न अत्यावश्यक देखिएकोले नगर कार्यपालिकालाई आवश्यक प्रकृया पुरा गरी खरिद गर्न सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

३. यस नगरपालिकामा विगतदेखि ज्यालादारीमा कार्यरत सवारी चालक श्री सूर्य बहादुर मोक्तानलाई आ. व. २०७७।०७८ देखि लागु हुने गरी सेवा करार दिई कामकाज लगाउन नगर कार्यपालिकालाई सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

निर्णय नं. ८ :

रत्ननगर नगरपालिका पूर्वाधार विकास समितिको मिति २०७७।०२।०१ गतेको तपसिलका निर्णयहरुका सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल :

१ स्वास्थ्य संस्था नभएका सबै वडाहरुमा न्युनतम एक स्वास्थ्य केन्द्र संचालन गर्ने नेपाल सरकारको नीति अनुसार यस नगरपालिकाको १० वटा वडाहरुमा नगर स्वास्थ्य केन्द्र निर्माणका लागी कार्यक्रम स्विकृत भइ आएकोमा केही वडाहरुमा पहिला नै स्वास्थ्य संस्थाहरु संचालनमा रहेको र केही वडा कार्यक्रममा समावेश नभएकाले संशोधनका लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

क्र.सं.	हाल स्वास्थ्य संस्था रहेका र कार्यक्रममा समावेश भएका वडा	संशोधन गरी कार्यक्रममा समावेश समावेश गर्नु पर्ने वडा	कैफियत
१	१३	७	वडा नं. १३ मा पञ्चकन्या स्वास्थ्यचौकी संचालनमा रहेको
2	१६	१२	वडा नं. १६ मा पिठुवा स्वास्थ्यचौकी संचालनमा रहेको
3	११	-	नगर स्वास्थ्य केन्द्र संचालनमा रहेको
4	८	-	नगर स्वास्थ्य केन्द्र संचालनमा रहेको

२. वडा नं. २ को टाडि बजारको बुढीकुलो स्थित राजेस खड्गीले टहरा बनाइ फ्रेस हाउस संचालन गरी रहेको सार्वजनिक जग्गामा सार्वजनिक सौचालय सहितको बहुउपयोगी भवन निर्माण गर्ने र निजलाइ २१ दिन भित्र उक्त स्थानमा रहेको संरचना भत्काइ लैजान पत्राचार गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

३. वडा नं. १ को सौराहाचोक स्थित नेपाल मा बि ले भोगचलन गरि आएको सटर पछाडिको सार्वजनिक जग्गा मा अतिक्रमण बढ्न जाने अवस्था देखिएकाले सार्वजनिक उपयोगका लागी भौतिक संरचना निर्माण गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

४. नगरका गौरवका योजना तथा बहुवर्षिय योजना छनौट गर्न वडा बाट योजना माग गर्ने र प्राथमिकताका आधारमा बजेट विनियोजन गरी कार्यनन्वयनको प्रक्रिया शुरु गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

५. संघ र प्रदेस सरकारका विभिन्न निकायमा योजना तथा कार्यक्रम छनौट गरी पठाउनु पर्ने भएको हुदा अन्य निकायमा माग गर्ने योजना तथा कार्यक्रम छनौट गर्न वडा बाट योजना माग गरी प्रोजेक्ट बैंकको स्थापना गर्ने तथा योजनाको प्राथमिकताक्रम तोकी योजनाको अवस्था अनुसार डि पि आर र लागत अनुमान तयार गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

६ रत्ननगर नगरपालिका वडा नं. १४,१५ र १६ मा सिचाइ सुविधा पुर्याइरहेको पिठुवा नहर बाट ब्यवस्थित रुपमा सिचाइ गर्न तथा कयरखोलाको संरक्षण र तटबन्धन गर्न डि पि आर तयार गर्दा लागेको खर्च मध्ये खैरहनी, कालिका र यस रत्ननगर नगरपालिकाले दामासाहीले बेहोर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

Scanned with CamScanner

७ यस रत्ननगर नगरपालिकामा खोपकेन्द्र निर्माण गर्न संघिय सरकार वाट ससर्त कार्यक्रममा विनियोजित रकम रु ७,३६,०००। वाट वडा नं. १० मा खोपकेन्द्र निर्माण गर्न विनियोजित रु ५,५२,०००। बाट बाकी रहेको रकम रु वडा नं. १४ को खोपकेन्द्रको भौतिक निर्माणमा खर्च गर्न विनियोजित गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने।

८. नगर नगरपालिका अन्तर्गत विनियोजित रकम वाट विभिन्न योजना संचालन गर्न उपभोक्ताले लागत सहभागिता बापतको निस्चित प्रतिसतले हुने रकम नगरपालिकामा जम्मा गर्ने प्रावधान रहेकोमा कल्भर्ट निर्माण, तटवन्धन जस्ता योजनाको नगद लागत सहभागिता वेहोर्न नसकिने भएकाले श्रमदान मात्र समावेश गर्न अनुरोध भइ आएको हुदा यस सम्बन्धमा के कस्ता योजनामा के कति र कस्तो प्रकृतिको लागत सहभागिता रहने हो नीति वनाइ नगरसभामा पेस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने।

निर्णय नं. ९ :

रत्ननगर नगरपालिका विपद व्यवस्थापन समितिको मिति २०७७।०२।११ गतेको तपसिलका निर्णयहरुका सम्बन्धमा तपसिल वमोजिम गर्ने निर्णय गरियो।

तपसिल :

१. रत्ननगर नगरपालिका वडा नं ६ को च. नं. १०७५ मिति २०७७।०१।१२ गतेको प्राप्त पत्रानुसार श्री रीता महतोको लकडाउनका कारण आर्थिक गतिविधी सुन्य प्राय भएकोले घरको छाना मर्मतको लागि सहयोग माग भएअनुसार निजलाई सहयोग स्वरुप रु. ५,०००।- (पाँच हजार मात्र) उपलब्ध गराउन कार्यपालिकालाई सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने।

२. रत्ननगर नगरपालिका वडा नं. १५ को च. नं. १७११ मिति २०७७।०२।०७ को प्राप्त पत्रानुसार हावाहुरीबाट श्री विष्णु लम्सालको घरको गारो सहित छाना उडाएको भनी सहयोगका लागि सिफारिस भएअनुसार निजलाई रु. २०,०००।- (बीस हजार मात्र) उपलब्ध गराउन नगर कार्यपालिकालाई सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने।

३. रत्ननगर नगरपालिका वडा नं. ७ को च. नं. ८३४, ८३५ र ८५३ मिति २०७६।१२।०९ र मिति २०७७।०१।१४ साथै रत्ननगर नगरपालिका वडा नं. ११ को च. नं. १०४१, मिति २०७७।०२।०८ को प्राप्त पत्रानुसार क्यान्सर पिडितहरुलाई तपसिल वमोजिमको सहयोग उपलब्ध गराउनको लागि कार्यपालिकालाई सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने।

तपसिल:

१. श्री मुना श्रेष्ठ, रत्ननगर ७	रु. २५,०००।- (पच्चीस हजार मात्र)
२. श्री सुजन भट्ट, रत्ननगर ७	रु. २५,०००।- (पच्चीस हजार मात्र)
३. श्री सविनिया कुमारी महतो, रत्ननगर ७	रु. २५,०००।- (पच्चीस हजार मात्र)
४. श्री सुनिता परियार, रत्ननगर ११	रु. २५,०००।- (पच्चीस हजार मात्र)

४. रत्ननगर नगरपालिका वडा नं. १६, ९, १ र १४ बाट कृषि बालिनाली क्षति सम्बन्धि प्राप्त पत्रहरुलाई कृषि शाखा मार्फत जिल्ला विपद व्यवस्थापन समितिलाई क्षतिपूर्तीको लागि सिफारिस गर्न कार्यपालिकालाई सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने।

५. रत्ननगर नगरपालिका अन्तर्गत कोभिड -१९ महामारीको रोग नियन्त्रण, रोकथाम तथा उपचारको लागि यस नगर अन्तर्गत रहेका आईसोलेसन सेन्टर, अस्पताल, स्वास्थ्य चौकी, क्वारेन्टाईनको लागि आवश्यक पर्ने सामाग्री, उपकरण लगायत अत्यावश्यक सामाग्रीहरु यस समिति मार्फत खरिद गर्ने निर्णयको लागि कार्यपालिकालाई सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने।

६. कोभिड-१९ को महामारीको रोकथाम तथा नियन्त्रणको लागि क्वारेन्टाईनवाट ल्याव टेष्टको लागि अस्पताल लैजान ल्याउनको लागि छुट्टै क्याविन भएको गाडी व्यवस्था गर्नुपर्ने भएकोले गाडी भाडामा लिई संचालन गर्न कार्यपालिकालाई सिफारिस गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने।

निर्णय नं. १०

रत्ननगर नगरपालिका आर्थिक विकास समितिको मिति २०७७।०२।०९ गतेको वैठकको तपसिलका निर्णयहरुका सम्वन्धमा तपसिल वमोजिम गर्ने निर्णय गरियो।

Scanned with CamScanner

तपसिल :

१. कृषि बिकास शाखाको बिपन्न कृषक अनुदान शिर्षकको रु. २,००,०००।– (दुई लाख) रकमलाई वालिमा देखिएको रोग किरा नियन्त्रणको लागि रकमान्तर गरि किटनाषक औषधि, स्प्रेयर ट्यांकी खरिद गरि वितरण गर्न कार्यपालिकामा पेश गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

२. र.न.पा.१२ को कृषक भ्रमणमा छुट्याइएको रकम रु.२,००,०००।-लाई रकमान्तर गरि ५० प्रतिसत अनुदानमा प्रति काउ म्याट रु.६,७००।–का दरले बढिमा रु.३,३५०।– सम्म कृषकले खरिद गरि ल्याए पछि अनुदान भुक्तानि वितरण गर्न कार्य पालिकामा पेश गर्ने भनि भएको निर्णय स्वीकृत गर्ने ।

३. देशको हालको असहज परिस्थितिले कृषकलाई पर्न गएको पिर मर्कालाई ध्यान राखी मेशिनरि औजार साईलो पिट मेशिन खरिद क्रिम सेपरेटर मेशिन डी फ्रिज खरिदको व्यवस्था मिलाउन कार्य पालिकालाई अनुरोध गर्ने भनि भएको निर्णयका सम्बन्धमा सम्बन्धित निकायमा अनुरोध गरि पठाउने।

४. पशुसेवा कर्मिवाट हालको अबस्थामा कृषकको घर गोठमा पुगि सेवा पुर्याउनको लागि राहात सेवा सुविधा उपलब्धको माग भै आएकोले कार्य पालिकामा पेश गर्ने भनि भएको निर्णय सम्बन्धमा समितिबाट प्रस्ताव सहित पेश गर्न अनुरोध गर्ने ।

५. कृषकको खेतिपातिमा असिना, हावाहुरिले भएको क्षतिको राहतको लागि कार्य पालिकामा अनुरोध गर्ने भनि भएको निर्णय सम्बन्धमा संघीय र प्रदेश मन्त्रालयमा राहत उपलब्ध गराउन अनुरोध गर्ने ।

निर्णय नं. ११

रत्ननगर नगरपालिकामा नगर स्वास्थ्य केन्द्रहरुको निर्माणमा नगद जनसहभागितालाई ऐच्छिक गरी श्रमदानलाई प्रोत्साहन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

नेपाल सरकारबाट सर्शत अनुदान तर्फ नवीकरणीय उर्जा प्रविधिहरु मार्फत उर्जा उत्पादन र परिप्रयोग शीर्षकमा विनियोजित रकम रु. १२,१५,०००।- मध्ये तपसिलका शीर्षकमा प्राप्त रकमबाट तपसिलका योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

क्र.सं.	योजनाको नाम	विनियोजित रकम	कैफियत
१	वडा नं. ६ को वनको पोखरीमा सोलार लाइट जडान	२,१५,०००।-	
२	वडा नं. १ मा Street Solar Light जडान	३७६५८०।-	
३	वडा नं. २ मा Street Solar Light जडान	३७६५८०।–	
४	वडा नं. १० मा Street Solar Light जडान	१४६८४०।-	
५	विस्तृत लागत तयारको लागि	१,००,०००।-	

निर्णय नं. १३

नगर विपद व्यवस्थापन समितिको निर्णय वमोजिम सिफारिस भई आएका तथा वडाबाट सिफारिस भई आएका देहाय वमोजिमका कार्यक्रमहरुलाई रकमान्तर गरी कोरोना रोकथाम नियन्त्रण तथा उपचार कार्यमा खर्च गर्ने गरी ग-७-२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातामा रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिलः

क्र.सं.	वडा नं.	रकमान्तर गरिएका योजनाहरु	रकम रु.
१.	६	डिपिआर निर्माण तथा भौतिक पूर्वाधार निर्माण (वडा पूँजिगत)	१५०,०००।-
२		विपद व्यवस्थापन पूँजिगत (नगरपालिका विषयगत शाखा)	४०,००,०००।-
		जम्मा रु.	४१,५०,०००।-

निर्णय नं. १४:

रत्ननगर नगरपालिका क्षेत्रभित्र निर्माण हुने संरचनाहरुमा भवन संहिता २०६० र भवन निर्माण मापदण्ड २०७२ लाई पूर्ण रुपमा कार्यान्वयन गराउने निर्णय गरियो । उक्त संहिता तथा मापदण्ड वमोजिम घर टहरा लगायतका संरचना निर्माण भए/नभएको सम्बन्धमा वडा कार्यालय १०(दश) दिनभित्र विवरण सहितको प्रतिवेदन नगरपालिकामा पेश गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner

निर्णय नं. १५

यस नगरपालिकाको स्थानीय निर्देशक समितिको मिति २०७७।०२।०९ को निर्णय अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त ३०,२७,०००।- (तीस लाख सत्ताईस हजार) मध्ये हाल विश्वभरी फैलिएको कोरोना भाईरस (कोभिड-१९) को माहामारीको अवस्थामा ठूला योजनाहरु संचालन गर्दा सामाजिक दुरी काम नहुने भई माहामारी झन फैलने डर भएकोले १६ वटै वडाहरुमा प्रति वडा रु. १,८०,०००।- (एक लाख असी हजार) का दरले विनियोजन गरी प्रत्येक वडालाई उक्त रकमको श्रममा आधारित कार्यक्रम संचालन गर्न निर्देशन गर्ने निर्णय गरियो। साथै बाँकी रकम रु. १,४७,०००।- को योजना नगर कार्यपालिकाको कार्यालयबाट संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १६:

यस नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु लगायत सम्पूर्ण निर्वाचित जनप्रतिनिधीहरु साथै स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई हाल विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड-१९) रोग बीमा गर्ने निर्णय गरियो।

नोट!. निर्णय नं १ को वडा सिलिङ २ विषयगत समितीलाई तोकिएको सिलिङ, सम्बन्धमा विषयगत समितिलाई बनिया बनाई वडा सिलिङ कन्जोल बनाइएको र वडा समितीको सिलिङ्गमा वैज्ञानिकता पनि नपरिवरको साथै आर्थिक निकाश समितीका रकमहरुको वडागत रुपमा विगत दुईवटा वितरण प्रणाली, पारदर्शी नमुनाको आधारमा लगायत सबै विषयगत समितीका विगतका ~~वि~~ बजेट विनियोजन समानुपातिक हुन पर्नेमा नमुनाले हाल सम्मको वितरण गरिएको योजनाका बारेमा बेरुजु जानकारी उपलब्ध अनुसार गर्दै वडा सिलिङ बढाई विषयगत सिलिङ घटाउनु पर्ने उपरोक्त राय व्यक्त गर्दै सो निर्णय प्रति असहमती जनाउछु।

नाम वे. उपाध्याय
वडा अध्यक्ष
२०७७।११।६

Scanned with CamScanner

आज मिति २०७७ साल ज्येष्ठ २५ गते आइतवार बजे यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो।

उपस्थिति :

क.सं.	पद	नामथर	दस्तखत
१	नगर प्रमुख	श्री नारायण वन	
२	नगर उपप्रमुख	श्री विमला देवी दुवाडी	
३	वडा अध्यक्ष वडा नं. १	श्री शंकर सिं तमाङ्ग	
४	वडा अध्यक्ष वडा नं. २	श्री तिलक राज पौडेल	
५	वडा अध्यक्ष वडा नं. ३	श्री गुप्तनाथ भट्टराई	
६	वडा अध्यक्ष वडा नं. ४	श्री रविन्द्र चौधरी	
७	वडा अध्यक्ष वडा नं. ५	श्री कृष्ण महतो	
८	वडा अध्यक्ष वडा नं. ६	श्री बलराम दाहाल	
९	वडा अध्यक्ष वडा नं. ७	श्री लाल बहादुर भट्ट	
१०	वडा अध्यक्ष वडा नं. ८	श्री विनोद बस्नेत	
११	वडा अध्यक्ष वडा नं. ९	श्री रोशन आचार्य	
१२	वडा अध्यक्ष वडा नं. १०	श्री केशव आचार्य	
१३	वडा अध्यक्ष वडा नं. ११	श्री शशी भक्त न्यौपाने	
१४	वडा अध्यक्ष वडा नं. १२	श्री वीर बहादुर पाखिन	
१५	वडा अध्यक्ष वडा नं. १३	श्री चित्र बहादुर भण्डारी	
१६	वडा अध्यक्ष वडा नं. १४	श्री हरी कुमार श्रेष्ठ	
१७	वडा अध्यक्ष वडा नं. १५	श्री हुमनाथ लामिछाने	
१८	वडा अध्यक्ष वडा नं. १६	श्री हेमराज थापा	
१९	कार्यपालिका सदस्य	श्री राजेन्द्र परीयार हमाल	
२०	कार्यपालिका सदस्य	श्री मिना गिरी	
२१	कार्यपालिका सदस्य	श्री भोला देवी गौडेल	
२२	कार्यपालिका सदस्य	श्री सरस्वति लामा	
२३	कार्यपालिका सदस्य	श्री निर्मला कुमारी खड्का	
२४	कार्यपालिका सदस्य	श्री रिता वि.क.	
२५	कार्यपालिका सदस्य	श्री कृष्ण हरी परीयार	
२६	कार्यपालिका सदस्य	श्री मन कुमारी वि.क.	
२७	सचिव (प्र.प्र.अ.)	श्री टुवराज पोखेल	

अन्य उपस्थिती :

१. प्र.प्र.क. श्री [illegible]

२. प्रे.क. श्री कृष्ण प्रसाद उपेन्द्री

३. कृषि वि.क. श्री प्रविन लामा

४. सहायक पार्वती श्री अर्पिला तिमल्सिना

५. प.वि.क. श्री शालिकराम पौडेल

Scanned with CamScanner

निर्णय नं. १ :
रत्ननगर नगरपालिकाको आगामी आ. व. २०७७।०७८ को योजना तथा कार्यक्रम तर्जुमामा विषयगत समिति र वडा कार्यालयहरुबाट भएको प्रगति सम्बन्धमा छलफल भयो ।

निर्णय नं. २:
रत्ननगर नगरपालिका वडा नं. २ टाँडी सुव्वाचोक मार्गमा नालाको क्यापिङ्ग र ढकनी निर्माणका लागि शहरी क्षेत्र ढल तथा ढल प्रशोधन केन्द्र मर्मत तथा व्यवस्थापन (वडा नं. १, २, ४ र १०) शिर्षकबाट रु. ४,१७,१००।- (चार लाख सत्र हजार एक सय मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:
रत्ननगर नगरपालिकाको ल्याण्डफिल साईटमा फोहोरमैला व्यवस्थितरुपमा विसर्जन गर्नका लागि वाल निर्माण गर्नुपर्ने भएको हुँदा लागत अनुमान वमोजिमको रकम रु. ३२,००,०००।- (बत्तिस लाख मात्र) विविध आकस्मिक पूर्वाधार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:
रत्ननगर नगरपालिका वडा नं. ९ को मिति २०७७।०२।१४ को पत्रानुसार खगेरी खोलाको वालुवाटार कपरफोरी तर्फ तटवन्धन बाँध निर्माण भइरहेको र सो खोलाको अर्को तर्फको साईडमा विगत आर्थिक वर्षमा निर्माण भएको तटवन्धन ग्याविन जालीलाई खगेरी खोलाको पानीले क्षति पुऱ्याउँदा हाल निर्माणाधिन ईको पार्कलाई समेत प्राकृति जोखिममा पर्ने सम्भावना देखिएकोले तटवन्धन ग्याविन जाली मर्मत गर्नका लागि रु. ५,००,०००।- (पाँच लाख मात्र) विनियोजन गरिदिनुहुन अनुरोध भई आएकोले विविध आकस्मिक पूर्वाधार शिर्षकबाट रु. ५,००,०००।- (पाँच लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :
रत्ननगर नगरपालिकाको नगर तथा वडा कार्यालयहरुबाट वडास्तरिय योजना तथा कार्यक्रमहरुमा विनियोजित रकम अन्य योजना तथा कार्यक्रमहरुमा रकमान्तरका लागि अनुरोध भई आएकोले रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल:

क्र. सं.	वडा नं./ नगर	चालु योजना वडाबाट विनियोजित भएको योजना	रकम (रु.)	रकमान्तर गर्नुपर्ने योजना	रकम (रु.)
१.	वडा नं. १२	वडा अध्यक्षसंग साझेदारी कार्यक्रम	१,००,०००।-	पंचकन्या हाईट हरियाली पार्क निर्माण	१,००,०००।-
२.		वडा भेला कार्यक्रम	१,००,०००।-	साविक घेघौली राप्रावि जस्ता छाना निर्माण	६५०००।-
				सालघारी सामुदायिक भवन अगाडीको नाला मर्मत तथा ह्यूमपाई व्यवस्थापन	३५,०००।-
३		बाल लक्षित कार्यक्रम	२,००,०००।-	रत्ननगर १२ अन्तर्गतका सार्वजनिक विद्यालय बालबालिका खेलकुद सामाग्री, शैक्षिक सामाग्री खरिद	
४	वडा नं. १३	भद्रकाली टोल मोज्याक टायल विछ्याउने काम	३,००,०००।-	शितल टोल विकास सडक कालोपत्रे	३,००,०००।-
५	वडा नं. ८	बाल उद्यान निर्माण	१,००,०००।-	रत्ननगर ८ का भित्री बाटोहरु ग्रावेलिङ्ग कार्य	१,५०,०००।-
		बाघ चोकमा बौद्धको मूर्ति निर्माण	५०,०००।-		
६	वडा नं. १	विजयामार्ग मोहना जोड्ने बाटोका पानी निकास योजना	२०,०००।-	रत्ननगर १ वडाभित्रका सडकमा खाल्टाखुल्टी पुर्ने योजना र	२०,०००।-
		अन्य संघसंस्था सहायता	१७,०००।-	मेसिन खरिद तथा मर्मत	१७,०००।-
		मसलन्द खर्च	५०,०००।-	फर्निचर खरिद	५०,०००।-
७	वडा नं. ६	वडास्तरीय डिपिआर तयार तथा भौतिक पूर्वाधार निर्माण योजना	३,६४९७८।८८	लकडाउनको समयमा भूमीहिन सकुम्वासी, ज्याला मजदुरी गरिखाने, घर भाडामा बस्ने गरीव, डकर्मी, सिकर्मी तथा ठेला व्यापारी र कृषि मजदुरहरुलाई खाद्यान्न वितरण	३,६४९७८।८८
८	वडा नं. ७	विपन्न वर्ग धारा वितरण (फोहर व्यवस्थापन स्टेण्ड वितरण समेत)	२,००,०००।-	विपद व्यवस्थापन तथा अन्य कार्य	८,५०,०००।-
		वद्रहनी टोल ढल निर्माण	१,००,०००।-		
		राजश्वक संकलन अभियान संचालन कार्यक्रम	५०,०००।-		
		राउत टोल ढल निर्माण	३,५०,०००।-		
		बाल क्लव अवलोकन भ्रमण	५०,०००।-		
		अध्ययन अवलोकन भ्रमण	१,००,०००।-		

Scanned with CamScanner

	११			भित्री भागमा रंगरोगन गर्ने योजना	
१०	नगर स्तरिय महिला तथा युवा लक्षित कार्यक्रम	लक्षित कार्यक्रम	१००,०००।-	फर्निचर तथा पर्दा कार्पेट खरिद	१,००,०००।-
				कोभिड १९ विरुद्ध सचेतना तथा टोल वस्तीलाई सेनिटाईजर वितरण कार्यक्रम	३३,८५०।-
			४,००,०००।-	नगर मेलमिलाप समिति	५,००,०००।-

निर्णय नं. ६:

रत्ननगर नगरपालिकाको विपद व्यवस्थापन समितिको मिति २०७७।०२।२५ को बैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

१. रत्ननगर नगरपालिका वडा नं. ५ को च. नं. ११२१, मिति २०७७।०२।१३ गतेको पत्रानुसार श्री बुधराम महतोको कुखुराको फार्म निर्माण गर्ने क्रममा हावाहुरीवाट ध्वस्त भएको गारो भत्किएको भनी सहयोगका लागि सिफारिस प्राप्त भएअनुसार निजलाई सहयोग स्वरुप रु. ५,०००।- (पाँच हजार मात्र) उपलब्ध गराउने भनी भएको निर्णय स्वीकृत गर्ने ।

२. रत्ननगर नगरपालिकाको वडा नं. ६ को च. नं. २०२१ र २०३४, मिति २०७७।०२। १५ र २१ को पत्रानुसार क्यान्सर पिडितहरुलाई तपसिल वमोजिम सहयोग स्वरुप रकम उपलब्ध गराउनको लागि कार्यपालिकालाई सिफारिस गर्ने भनी भएको निर्णय स्वीकृत गर्ने ।

तपसिल:

१. श्री रामवहादुर परियार रु. २५,०००।- (पच्चीस हजार मात्र)

२. श्री धनपति चापागाई रु. २५,०००।- (पच्चीस हजार मात्र)

३. रत्ननगर नगरपालिका वडा नं. १० को च. नं. १५६७, मिति २०७७।०२।१४ को प्राप्त पत्रानुसार श्री शंकर सुनारको घरको टिनको छाना हावाहुरीले उडाएको भनी सहयोगको लागि सिफारिस प्राप्त भएअनुसार निजलाई सहयोग स्वरुप रु. ५,०००।- (पाँच हजार मात्र) उपलब्ध गराउने भनी भएको निर्णय स्वीकृत गर्ने ।

४. रत्ननगर नगरपालिका वडा नं. ८ को च. नं. ९७३, मिति २०७७।०२।०३ गतेको प्राप्त पत्रानुसार श्री धनवीर तमाङको रत्ननगर न. पा. वडा नं. ७ स्थित जग्गामा निर्माणाधिन सभा हलको निर्माण गर्ने क्रममा १३(तेह्र) कट्ठा जग्गामा लगाईएको मकै, आलस र मुसुरो खेती पूर्णरुपमा क्षति भएको भनी सहयोगको लागि सिफारिस भएअनुसार निजलाई सहयोग स्वरुप रु. ८,०००।- (आठ हजार) उपलब्ध गराउने भनी भएको निर्णय स्वीकृत गर्ने ।

निर्णय नं. ७:

नगरपालिकामा विगतदेखि नै कानुनी सल्लाहकारकोरुपमा करार सेवामा कार्यरत अधिवक्ता श्री प्रकाश राज रेग्मीको करार अवधि २०७६ पौष मसान्तमा समाप्त भएको र निजको मिति २०७६।११।०८ को निवेदन वमोजिम २०७७ असार मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ८:

रत्ननगर नगरपालिकाको वडा नं. २ स्थित नेपाल माध्यमिक विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि बोलपत्र नं. RAT/CHI/Works/NCB/19/075/076 को बोलपत्र आव्हान भई आकास निर्माण सेवासंग मिति २०७६।०१।०६ मा रु. ८४,५३,५६२।३२ (अक्षेरुपी- चौरासी लाख त्रिपन्न हजार पाँच सय बैसठ्ठी रुपैया वत्तिस पैसा मात्र) को सम्झौता भएको र निर्माण कार्य निर्धारित समयमा सम्पन्न हुन नसकेतापनि हाल निर्माण कार्य सम्पन्न भईसकेको हुँदा सार्वजनिक खरिद (दशौ संसोधन) नियमावली, २०७७ वमोजिम २०७७ जेष्ठ मसान्तसम्म म्याद थप गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९:

रत्ननगर नगरपालिकाबाट यस आ.व. मा ठेक्का प्रकृया र उपभोक्ता समितिवाट कोरोना भाइरसको महामारी र नेपाल सरकारबाट जारी भएको लकडाउनको गम्भिर रुपमा असर पारी समयमै सम्पन्न हुन नसकेको हुँदा सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएका निर्माणाधिन सवै योजनाहरुको म्याद २०७७ असार २५ गतेसम्म थप गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल आषाढ ७ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनजूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

क.सं.	पद	नामथर	दस्तखत
१	नगर प्रमुख	श्री नारायण वन	
२	नगर उपप्रमुख	श्री बिमला देवी दुवाडी	
३	वडा अध्यक्ष वडा नं. १	श्री शंकर सिं तमाङ्ग	
४	वडा अध्यक्ष वडा नं. २	श्री तिलक राज पौडेल	
५	वडा अध्यक्ष वडा नं. ३	श्री गुप्तनाथ भट्टराई	
६	वडा अध्यक्ष वडा नं. ४	श्री रबिन्द्र चौधरी	
७	वडा अध्यक्ष वडा नं. ५	श्री कृष्ण महतो	
८	वडा अध्यक्ष वडा नं. ६	श्री बलराम दाहाल	
९	वडा अध्यक्ष वडा नं. ७	श्री लाल बहादुर भट्ट	
१०	वडा अध्यक्ष वडा नं. ८	श्री बिनोद बस्नेत	
११	वडा अध्यक्ष वडा नं. ९	श्री रोशन आचार्य	
१२	वडा अध्यक्ष वडा नं. १०	श्री केशब आचार्य	
१३	वडा अध्यक्ष वडा नं. ११	श्री शशी भक्त न्यौपाने	
१४	वडा अध्यक्ष वडा नं. १२	श्री बीर बहादुर पाखिन	
१५	वडा अध्यक्ष वडा नं. १३	श्री चित्र बहादुर भण्डारी	
१६	वडा अध्यक्ष वडा नं. १४	श्री हरी कुमार श्रेष्ठ	
१७	वडा अध्यक्ष वडा नं. १५	श्री हुमनाथ लामिछाने	
१८	वडा अध्यक्ष वडा नं. १६	श्री हेमराज थापा	
१९	कार्यपालिका सदस्य	श्री राजेन्द्र परीयार हमाल	
२०	कार्यपालिका सदस्य	श्री मिना गिरी	
२१	कार्यपालिका सदस्य	श्री भोला देवी गौडेल	
२२	कार्यपालिका सदस्य	श्री सरस्वति लामा	
२३	कार्यपालिका सदस्य	श्री निर्मला कुमारी खड्का	
२४	कार्यपालिका सदस्य	श्री रिता बि.क.	
२५	कार्यपालिका सदस्य	श्री कृष्ण हरी परीयार	
२६	कार्यपालिका सदस्य	श्री मन कुमारी बि.क.	
२७	सचिव (प्र.प्र.अ.)	श्री दुवराज पोखेल	

अन्य उपस्थिती :

प्रशासकीय अधिकृत श्री संगम सापकोटा

लेखा अधिकृत अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत श्री अर्जुन पगेनी

सहायक पाचौ श्री उर्मिला तमाङ्ग दाहाल

Scanned with CamScanner

निर्णय नं. १:

आ. व. २०७७।०७८ को लागि प्रस्तावित योजना तथा कार्यक्रमहरु माथि छलफल गरि आगामी नगर सभामा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

रत्ननगर नगरपालिका, १४ नं. वडा कार्यालय अन्तर्गत खेतियोग्य बाँझो जमिनमा सामुहिक मकै खेति कार्यक्रमका लागि खर्च रकम तपसिल वमोजिम रत्ननगर नगरपालिका कृषि कार्यक्रमको बजेट उपशिर्षक नं. ८०३३१४०४३०३ बाट बाँझो जमिनमा सामुहिक खेति गर्ने कार्यक्रम प्रयोजनार्थ रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिलः

क्र.सं.	कार्यक्रमको नाम	खर्च शिर्षक नं.	बजेट	कैफियत
१	पशु र वाली विमा तथा विषादी न्यूनिकरण तालिम	२२५२२	२,४०,०००।-	
२	एग्रोभेट प्राविधिक कृषक प्रतिनिधि स्थानीय जनप्रतिनिधीहरुको अन्त रकया	२२५२२	३०,०००।-	
३	कृषि अस्पताल तथा प्रयोग शालाको सहयोगमा कृषकसंग कृषि प्राविधिक कार्यक्रम	२२५२२	५०,०००।-	
४	कृषि विविध		५०,०००।-	
	जम्मा रकम रु.		३,७०,०००।-	

निर्णय नं. ३:

रत्ननगर नगरपालिका, १६ नं. वडा कार्यालयको मिति २०७७।०२।२७ च. नं. १२३४ र मिति २०७७।०३।०५, च. नं. १५८५ को पत्रानुसार तपसिल वमोजिम वडास्तरिय योजना तथा कार्यक्रमहरुमा विनियोजित रकम अन्य योजना तथा कार्यक्रमहरुमा रकमान्तरका लागि अनुरोध भई आएकोले सोही वमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिलः

क्र. सं.	वडा नं.	चालु योजना वडावाट विनियोजित भएको योजना	रकम (रु.)	रकमान्तर गर्नुपर्ने योजना	रकम (रु.)
१.	१६	वृक्षारोपण तथा वातावरणमैत्री कार्यक्रम	२,००,०००।-	वडाभित्रका कृषहरुलाई ५०% अनुदानमा धानको बीउ वितरण	२,०८,८००।-
		विपन्न एकल महिलाहरुको लागि स्वरोजगारमूलक तालिम कार्यक्रम	८,८००।-		
२	१६	विपन्न तथा एकल महिलाहरुका लागि स्वरोजगार मुलक तालिम कार्यक्रम (शिर्षक नं. २२५२२)	१,००,०००।-	पिठुवा सिंचाई जल उपभोक्ता संस्था ईन्धन प्रयोजन	१,००,०००।-
३	१६	विपन्न तथा एकल महिलाहरुका लागि स्वरोजगार मुलक तालिम कार्यक्रम (शिर्षक नं. २२५२२)	९१,८००।-	वडा कार्यालय विविध खर्च	९१,८००।-
		जम्मा रु.	**४,००,०००।-**	**जम्मा रु.**	**४,००,०००।-**

निर्णय नं. ४:

यस नगरपालिकामा विदेश तथा स्वदेशकै अन्य स्थानबाट आउनु भएका महिलाहरुलाई स्वास्थ्य परीक्षण अवधिभर सुरक्षात्मक तरिकाले क्वारेन्टाईनमा राख्नको लागि उपयुक्त स्थानको छनौट तथा व्यवस्थापनको लागि निम्न सदस्यीय **महिला क्वारेन्टाईन व्यवस्थापन समिति** गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१. संयोजक- श्री मिना गिरी
२. सह संयोजक- श्री सरस्वती लामा
३. सदस्य- श्री निर्मला खड्का
४. सदस्य- श्री रिता वि.क.
५. सदस्य- श्री भोलादेवी गौडेल
६. सदस्य- श्री मनकुमारी वि.क.
७. सदस्य सचिव- श्री दिपा शर्मा घिमिरे

यस नगरपालिका अन्तर्गत महिला विकास शाखामा कार्यरत महिला विकास अधिकृत श्री दिपा शर्मा घिमिरेलाई सदस्य सचिव तोक्ने र सम्पूर्ण प्रशासनिक कार्यको जिम्मा दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ५:

रत्ननगर नगरपालिका अन्तर्गत सामुदायिक वन क्षेत्रभित्र नपरेका वडाहरु १, २, ३ ,४ र १० बाट सामुदायिक वन समितिमा प्रवेशका लागि व्यापक माग भै आएकोले तपसिलका सामुदायिक वनहरुमा समावेस गरिदिन सामुदायिक वन समितिहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

क्र.सं.	वडा नं.	सामुदायिक वन
१.	२	टिकौली सा. व.
२.	३	पंचकन्या सा. व

निर्णय नं. ६:

यस रत्ननगर नगरपालिकाको वडा नं. १४ मा रहेको कोरोना अस्थाई आईसोलेसन केन्द्रमा विभिन्न मेसिन, सामाग्री खरिद तथा मर्मच तथा निर्माणको लागि रु. ५,००,०००।- (पाँच लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७.

विधायन समितिबाट पेश भएको कोभिड -१९ नियन्त्रण तथा क्वारेन्टाईन व्यवस्थापन सम्बन्धि कार्यविधी २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

रत्ननगर नगरपालिकाको विपद व्यवस्थापन समितिको मिति २०७७।०३।०२ को बैठकबाट भएका निर्णयहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

१. रत्ननगर नगरपालिका वडा नं. ४ को च. नं. १२७० मिति २०७७।०२।१४ को प्राप्त पत्रानुसार श्री छविलाल राउतको बंगुरको खोर मिति २०७७।०२।११ गतेको हावाहुरीले खोरमा क्षति पुऱ्याएको भनी सहयोगको लागि रु. ५०,०००।- उपलब्ध गराउन सिफारिस गर्ने भनी गरिएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

२. रत्ननगर नगरपालिका वडा नं. ७ को च. नं. ९५६ मिति २०७७।०२।२८ को प्राप्त पत्रानुसार श्री निर बहादुर तमाङ्गलाई सैतो रगतमा क्यान्सर भएको भनी सहयोगको लागि रु. २५,०००।- (पच्चीस हजार) उपलब्ध गराउन सिफारिस गर्ने भनी गरिएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

३. रत्ननगर नगरपालिका १२ नं. को च. नं. १६५७ मिति २०७७।०२।२० को प्राप्त पत्रानुसार मिति २०७७।०२।११ गते आएको हावाहुरीले तपसिल वमोजिमका व्यक्तिहरुको भौतिक संरचना तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएको भनी सहयोगको लागि सिफारिस गरिएकोमा विपद व्यवस्थापन समितिको मिति २०७७।०३।०२ गते बसेको निर्णयानुसार तपसिल वमोजिम हुने गरी आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस गर्ने भनी गरिएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

१. प्रेम बहादुर सुनार	रु. ५,०००।-
२. विजय भुजेल	रु. ५,०००।-
३. श्रीकान्त अधिकारी	रु. ५,०००।-
४. ईश्वरी प्रसाद घिमिरे	रु. १०,०००।-
५. पंचकन्या हाईट टोल विकास संस्था	रु. १५,०००।-

४. रत्ननगर नगरपालिकाको नगर कार्यपालिकाबाट वातावरण तथा विपद क्षेत्रमा रु. ७,६९,३९००।०६ सिलिङ्ग तोकिएकोमा सो रकमलाई तपसिल वमोजिमको शिर्षकहरुमा विभाजन गरी योजना तथा कार्यक्रमहरु छनौट गर्ने भनी गरिएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

१. विद्यालय हरित कार्यक्रम
२. विपद प्रति कार्य योजना
३. वन तथा वातावरण संरक्षण
४. विपद सामाग्री खरिद
५. राहत वितरण
६. पूर्वाधार निर्माण
७. फोहर मैला व्यवस्थापन

Scanned with CamScanner

८. विन निर्माण तथा खरिद
९. क्यान्सर रोग विरामीहरुलाई सहयोग

५. रत्ननगर नगरपालिका वडा नं. ८ को च. नं. ९५५ मिति २०७७।०२।१३ प्राप्त पत्रानुसार श्री पार्वती जि.सी. लाई पाठेघर सम्बन्धि क्यान्सर भएको र आर्थिक अवस्था कमजोर भएको हुँदा सहयोगको लागि रु. २५,०००।- (पच्चीस हजार) उपलब्ध गराउन सिफारिस गर्ने भनी गरिएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:
सार्वजनिक सेवा तथा क्षमता विकास समितिको मिति २०७७।०३।०२ गतेको तपसिल वमोजिम निर्णयहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:
१. यस नगरपालिका कार्यालयमा कार्यरत तपसिलका कर्मचारीहरुले स्तर बृद्धि गरी पाउँ भनी निवेदन पेश गरेको र सावि‍क स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार श्रेणी विहिन कर्मचारीहरुको पाँच वर्षभन्दा बढी सेवा अवधि भएमा स्वत: एक तह माथि स्तर बृद्धि हुने प्रावधान अनुरुप निम्न कर्मचारीहरुलाई एक तह माथि स्तर बृद्धिका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने भनी गरिएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:
१. सवारी चालक (चौथो) श्री राजेन्द्र कुमार श्रेष्ठ
२. कार्यालय सहयोगी (चौथो) श्री आशा देवी गौतम
३. कार्यालय सहयोगी (चौथो) श्री सम्सेर बहादुर कुमाल
४. कार्यालय सहयोगी (चौथो) श्री राजेन्द्र महतो

२. नेपाल सरकारले जारी गरेको बन्दावन्दिको समयमा पनि कार्यालयको अति आवश्यकीय कामहरु सम्पादन गर्न कार्यालयमा उपस्थित भई कामकाज गर्ने सम्पूर्ण कर्मचारीहरुलाई हाजिर भएको दिनको नगरपालिकाबाट स्वीकृत खाना र खाजा भत्ता वापत तोकिएको रकम दैनिक रु. २५०।- (दुईसय पचास) उपलब्ध गराउन सिफारिस गर्ने भनी गरिएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०:
यस रत्ननगर नगरपालिका कार्यालय अन्तर्गत बकुलहर रत्ननगर अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई लकडाउनको समयमा समेत कामकाज गर्नु भएकोमा लकडाउन अवधिभरको एक महिनाको तलव बरावरको रकम प्रति महिना प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल आषाढ ८ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

क.सं.	पद	नामथर	दस्तखत
१	नगर प्रमुख	श्री नारायण वन	
२	नगर उपप्रमुख	श्री बिमला देवी दुवाडी	
३	वडा अध्यक्ष वडा नं. १	श्री शंकर सिं तमाङ्ग	
४	वडा अध्यक्ष वडा नं. २	श्री तिलक राज पौडेल	
५	वडा अध्यक्ष वडा नं. ३	श्री गुप्तनाथ भट्टराई	
६	वडा अध्यक्ष वडा नं. ४	श्री रविन्द्र चौधरी	
७	वडा अध्यक्ष वडा नं. ५	श्री कृष्ण महतो	
८	वडा अध्यक्ष वडा नं. ६	श्री बलराम दाहाल	
९	वडा अध्यक्ष वडा नं. ७	श्री लाल बहादुर भट्ट	
१०	वडा अध्यक्ष वडा नं. ८	श्री बिनोद बस्नेत	
११	वडा अध्यक्ष वडा नं. ९	श्री रोशन आचार्य	
१२	वडा अध्यक्ष वडा नं. १०	श्री केशब आचार्य	
१३	वडा अध्यक्ष वडा नं. ११	श्री शशी भक्त न्यौपाने	
१४	वडा अध्यक्ष वडा नं. १२	श्री बीर बहादुर पाखिन	
१५	वडा अध्यक्ष वडा नं. १३	श्री चित्र बहादुर भण्डारी	
१६	वडा अध्यक्ष वडा नं. १४	श्री हरी कुमार श्रेष्ठ	
१७	वडा अध्यक्ष वडा नं. १५	श्री हुमनाथ लामिछाने	
१८	वडा अध्यक्ष वडा नं. १६	श्री हेमराज थापा	
१९	कार्यपालिका सदस्य	श्री राजेन्द्र परीयार हमाल	
२०	कार्यपालिका सदस्य	श्री मिना गिरी	
२१	कार्यपालिका सदस्य	श्री भोला देवी गौडेल	
२२	कार्यपालिका सदस्य	श्री सरस्वति लामा	
२३	कार्यपालिका सदस्य	श्री निर्मला कुमारी खड्का	
२४	कार्यपालिका सदस्य	श्री रिता बि.क.	
२५	कार्यपालिका सदस्य	श्री कृष्ण हरी परीयार	
२६	कार्यपालिका सदस्य	श्री मन कुमारी बि.क.	
२७	सचिव (प्र.प्र.अ.)	श्री टुवराज पोखेल	

अन्य उपस्थिती :

प्रशासकीय अधिकृत श्री संगम सापकोटा

लेखा अधिकृत अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत श्री अर्जुन पगेनी

सहायक पाचौं श्री उर्मिला तमाङ्ग दाहाल

कार्यक्रम अधिकृत श्री विश्वकास श्रेष्ठ

कृषि अ. श्री प्रविन लामा

Scanned with CamScanner

निर्णय नं. १:
रत्ननगर नगरपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको वजेट तथा कार्यक्रम नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २:
आगामी नगर सभामा तपसिल वमोजिमको ऐन तथा कार्यविधी स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।
१. आर्थिक विधेयक २०७७
२. विनियोजन विधेयक २०७७
३. शिक्षा ऐन (संसोधन) विधेयक २०७७
४. रत्ननगर नगरपालिकाको लेखा समिति सम्बन्धि कार्यविधी

निर्णय नं. ३:
रत्ननगर नगरपालिका र लुमन्ति आवासको लागि सहयोग समूहको संयुक्त लगानीमा संचालित रत्ननगर नगरपालिका शहरी गरीब सहयोग कोषमा नगरपालिकाले जम्मा गर्नुपर्ने रु. ३०,००,०००।- (तीस लाख) मध्ये बाँकी रकम रु. १३,१५,०००।- (तेह्र लाख पन्ध्र हजार) जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:
यस नगरपालिकाको विधायन समितिबाट पेश भएको रत्ननगर नगरपालिकाको कार्यालयमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधी २०७७ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:
ट्राफिक सवारी संकेत चिन्ह अंकित साईन बोर्ड निर्माण गर्दा भएको खर्च रकम रु. १,३१,०००।- (एक लाख एकतीस हजार मात्र) विविध पूर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६:
हाल विश्वभर फैलिएको कोभिड १९ को कारणबाट विद्यालयमा नियमित पठनपाठन हुन नसकेकोले वैकल्पिक प्रणालिबाट रेडियो शैक्षिक कार्यक्रम संचालनका लागि रु. १,२०,०००।- तथा रत्ननगर नगरपालिका र ईन्स्योर परियोजनाको बृत्ति विकास परामर्श कार्यक्रमको रु. १,२५,४२५।- रकम शिक्षा तर्फको विविध शिर्षकमा विनियोजित रकम रु. २,४५,४२५।- (दुई लाख पैंतालिस हजार चारसय पच्चीस मात्र) बाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:
कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल लाईभस्टक सेक्टर ईनोभेसन प्रोजेक्टबाट प्राप्त रत्ननगर नगरपालिका वडा नं. ९ मा निर्माण गर्न लागिएको पशुहाट बजारको Detail Design Drawings अनुसार निर्माण गर्न स्वीकृत दिने निर्णय गरियो ।

Scanned with CamScanner

आज मिति २०७७ साल आषाढ २५ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

क.सं.	पद	नामथर	दस्तखत
१	नगर प्रमुख	श्री नारायण वन	
२	नगर उपप्रमुख	श्री बिमला देवी दुवाडी	
३	वडा अध्यक्ष वडा नं. १	श्री शंकर सिं तमाङ्ग	
४	वडा अध्यक्ष वडा नं. २	श्री तिलक राज पौडेल	
५	वडा अध्यक्ष वडा नं. ३	श्री गुप्तनाथ भट्टराई	
६	वडा अध्यक्ष वडा नं. ४	श्री रबिन्द्र चौधरी	
७	वडा अध्यक्ष वडा नं. ५	श्री कृष्ण महतो	
८	वडा अध्यक्ष वडा नं. ६	श्री बलराम दाहाल	
९	वडा अध्यक्ष वडा नं. ७	श्री लाल बहादुर भट्ट	
१०	वडा अध्यक्ष वडा नं. ८	श्री बिनोद बस्नेत	
११	वडा अध्यक्ष वडा नं. ९	श्री रोशन आचार्य	
१२	वडा अध्यक्ष वडा नं. १०	श्री केशब आचार्य	
१३	वडा अध्यक्ष वडा नं. ११	श्री शशी भक्त न्यौपाने	
१४	वडा अध्यक्ष वडा नं. १२	श्री बीर बहादुर पाखिन	
१५	वडा अध्यक्ष वडा नं. १३	श्री चित्र बहादुर भण्डारी	
१६	वडा अध्यक्ष वडा नं. १४	श्री हरी कुमार श्रेष्ठ	
१७	वडा अध्यक्ष वडा नं. १५	श्री हुमनाथ लामिछाने	
१८	वडा अध्यक्ष वडा नं. १६	श्री हेमराज थापा	
१९	कार्यपालिका सदस्य	श्री राजेन्द्र परीयार हमाल	
२०	कार्यपालिका सदस्य	श्री मिना गिरी	
२१	कार्यपालिका सदस्य	श्री भोला देवी गौडेल	
२२	कार्यपालिका सदस्य	श्री सरस्वति लामा	
२३	कार्यपालिका सदस्य	श्री निर्मला कुमारी खड्का	
२४	कार्यपालिका सदस्य	श्री रिता बि.क.	
२५	कार्यपालिका सदस्य	श्री कृष्ण हरी परीयार	
२६	कार्यपालिका सदस्य	श्री मन कुमारी बि.क.	
२७	सचिव (प्र.प्र.अ.)	श्री दुवराज पोखेल	

अन्य उपस्थिती :

ासकीय अधिकृत श्री संगम सापकोटा

धिकृत श्री अर्जुन पगेनी

ायक पाचौं श्री उर्मिला तमाङ्ग दाहाल

सचिव श्री प्रविनलाल

Scanned with CamScanner

निर्णय नं. १:
लकडाउनको समयमा क्वारेन्टाईन व्यवस्थापन एवं राहत वितरण तथा स्वास्थ्य सेवा सुचारु गर्ने कार्य गरेबापत रत्ननगर नगरपालिकामा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरुलाई १(एक) महिनाको र नगर प्रहरीहरुलाई १/२(आधा) महिना बराबरको तलब रकम प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २:
रत्ननगर नगरपालिका कार्यालय र वडा कार्यालयहरुको कम्प्यूटर, प्रिन्टर लगायतका ईलेक्ट्रोनिक्स सामाग्रीहरु मर्मत सम्भारको कार्य गर्दै आउनु भएका नविन नारायण प्रधानलाई २०७६ श्रावणदेखि २०७७ असारसम्मको सेवा शुल्क बापत रु. १,३०,०००।- (एक लाख तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३:
बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट करार सेवामा नियुक्ती भई कार्यरत कानुनी सहजकर्ताहरुको सम्बन्धमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मिति २०७७।०३।१५, च. नं. १६१४ को पत्रानुसार स्थानीय तहहरुले आवश्यकताका आधारमा राख्का लागि अनुरोध भई आएको हुँदा यस कार्यालयमा कार्यरत पिङ्ला थापाको साथिककै सेवा र शर्त रहने गरी करार नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:
बकुलहर रत्ननगर अस्पतालको परिसर पर्खाल भत्काउनु पर्ने भएको हुँदा उपभोक्ता समिति मार्फत कार्य गराउने र लागत अनुमान अनुसारको रकम विविध आकस्मिक पूर्वाधार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:
रत्ननगर नगरपालिकाको आ. व. २०७६।०७७ देखि ३ आर्थिक वर्षको विज्ञापन कर संकलनका लागि ठेक्का आव्हान भए अनुसार अधिकतम रकम कबोल गर्ने नेपाल मिडिया टेक्नोलोजि, कुपन्डोल, ललितपुरले हालसम्म पनि सम्झौता गर्न नआएको हुँदा उक्त कम्पनिलाई कालो सूचीमा राख्न प्रकृया अगाडि बढाउने र आ. व. २०७७।०७८ देखि ३ आर्थिक वर्षको विज्ञापन कर संकलनका लागि नयाँ ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६:
यस आ.व. २०७६।०७७ मा संघीय कार्यक्रम अन्तर्गत विद्यालयहरुको लागि कक्षा कोठा र शौचालयहरु निर्माण प्रयोजनका निम्ति नगर शिक्षा समितिबाट वितरण भएको कार्यक्रममा कार्य सम्पन्न हुने क्रममा रहेका तपसिलका विद्यालयहरुको खाता रोक्का राखि विद्यालयको खातामा बाँकी रकम निकासा दिने निर्णय गरियो ।

तपसिल:

क्र.सं.	विद्यालयको नाम	कार्यक्रमको नाम	कुल वजेट रकम	कैफियत
१	कपरफोरी मा. वि	वास सहितको शौचालय	७,००,०००।-	कार्य सम्पन्न हुने क्रममा रहेको
२	मोहना मा. वि.	वास सहितको शौचालय	७,००,०००।-	कार्य सम्पन्न हुने क्रममा रहेको
३	बछौली मा. वि	२ कक्षा कोठा	१६,००,०००।-	कार्य सम्पन्न भएको
४	भद्रकाली मा. वि.	२ कक्षा कोठा	१६,००,०००।-	कार्य सम्पन्न भई कागजात पूर्वाधार शाखामा पेश गरिएको
५	बैरिया मा. वि.	२ कक्षा कोठा	१६,००,०००।-	कार्य सम्पन्न हुने क्रममा रहेको
६	पंचकन्या मा. वि. जयमंगला	४ कक्षा कोठा	३२,००,०००।-	कार्य सम्पन्न हुने क्रममा रहेको

निर्णय नं. ७:
रत्ननगर नगरपालिकालाई विपक्षी बनाई दर्ता भएका मुद्धाहरु तथा नगरपालिकाको वहस पैरवीमा सहयोग गर्दै आउनु भएका अधिवक्ता श्री जगन्नाथ भण्डारीलाई रु. ५०,०००।- (पचास हजार) पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८:
रत्ननगर नगरपालिकाको वडा नं. २ को टाँडीचोकमा आकाशे पुल निर्माण गर्ने क्रममा सडकको दायाँ बायाँको फाउण्डेशनको गहिराईको कारणले आसपासका घर तथा अन्य भौतिक संरचनाको प्रत्यक्ष एवं परोक्ष क्षति हुने भनी स्थानी वासिन्दाको गुनासो समेतलाई सम्बोदन गर्न र सम्भावित जोखिमलाई न्यूनिकरण गर्ने गरी कार्ड कन्सल्टेन्सीद्वारा तयार गरिएको परिमार्जित ड्रईङ्ग तथा डिजाईन स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

Scanned with CamScanner